# संघीय संसद
# राष्ट्रिय सभा
# चौधौं अधिवेशन
# कार्यवाहीको सम्पूर्ण विवरण
# १० भदौ २०८०
# आइतवार
# बैठक सङ्ख्या- ३८

राष्ट्रिय सभाको आजको बैठक सम्माननीय अध्यक्ष श्री गणेश प्रसाद तिमिल्सिनाको अध्यक्षतामा दिनको १३:०१ बजे प्रारम्भ भयो ।

**(१३:०३ बजे)** **सम्माननीय अध्यक्षः**- माननीय सदस्यहरू, राष्ट्रिय सभाको आजको बैठकको कार्यवाही प्रारम्भ हुन्छ ।

माननीय सदस्यहरू, विशेष समयमा बोल्नका लागि दलीय आधारमा माननीय सदस्यहरूको नाम प्राप्त भएको छ । अब म माननीय सदस्यहरूलाई बोल्न समय उपलब्ध गराउँछु ।

माननीय भुवन वहादुर सुनार । समय १० मिनेट । यसपछि माननीय भगवती न्यौपाने ।

**(१३:०४ बजे)** **माननीय श्री भुवन वहादुर सुनार (नेपाल कम्युनिष्ट पार्टी, माओवादी केन्द्र):**- सम्माननीय अध्यक्षज्यू र सम्पूर्ण माननीयज्यूहरू, आज मैले आजको विषय चाहिँ न्याय सम्पादनसम्बन्धी विषयहरू राख्न खोजिरहेको छु । भर्खरै नियुक्त हुनुभएको सर्वोच्च अदालतका प्रधान न्यायाधीश सम्माननीय विश्वम्भरप्रसाद श्रेष्ठलाई कार्यकालको सफलताको शुभकामना व्यक्त गर्दछु ।

नेपालको संविधान, २०७२ ले धारा २४ र ४० मार्फत उत्पीडित दलित समुदायको अधिकार सुनिश्चित गरेको छ । धारा ४२ ले समानुपातिक, समावेशीसहितको सामाजिक न्यायको हक हुने छ भन्ने उल्लेख छ । तर तीन ओटा धाराहरूको प्रतिकुल हुने गरी विगतमा न्यायलयको फैसलामा तरमाराहरूको, तरमाराहरूको भाष्यसहित एउटा रिट फैसला दिनुभएको थियो । अहिलेको निजामती सेवामा दलित समुदायको उपस्थिति करिब २ प्रतिशत छ भने उत्पीडित तथा सिमान्तकृत समुदायको पनि उनीहरूको जनसङ्ख्याको अनुपातमा अत्यन्त न्यून उपस्थित रहेको छ । संविधानको धारा २८१ ले हरेक दश वर्षमा महिला र दलित समुदायको हकमा उनीहरूको मानव विकास सूचकाङ्कको आधारमा आधारित अधिकारलगायतका विषयमा पुनः पुनरावलोकन गर्ने भनिएको छ । यस्तो अवस्थामा, अवस्था भएको सीमित अधिकारलाई पनि तरमाराहरू भनी निस्तेज पार्ने सो फैसलाले गर्दा समस्त उत्पीडित दलित समुदायले नवनियुक्त प्रधान न्यायाधीशको उत्पीडिहरूप्रतिको न्याय सम्पादनमा प्रश्न उठ्ने सम्भावना बढेको छ । तर हामीलाई आशा छ, उहाँको कार्यकालमा यस्तो हुने छैन र दलित समुदायले उनीहरूले, उनीहरू विरूद्धको हुने अन्याय अत्याचारको अन्त्य हुने अपेक्षा राखेको छ ।

न्यायमा गरिबको, दलितको पहुँच बढोत्तरी हुन आवश्यक छ र अहिलेसम्म अदालतप्रति जनताको मोह आकर्षित हुन सकेको छैन । न्याय चाहिँ महङ्गो भ'को छ र न्यायमा जनताको पहुँच हुन सकेको छैन । र अहिले तमाम जनताहरूमा चाहिँ न्यायलयप्रति जुन किसिमको विकर्षण बढेको छ, यसलाई आकर्षण, आकर्षित गर्नको लागि न्यायलयहरू चाहिँ गरिबमैत्री हुन पर्‍यो । र त्यो अपेक्षा जति समुदायले राखेको छ, त्यो अहिलेसम्म पाउन सकेको छैन । देशमा थुप्रै घटनाहरू घटेका छन् र त्यो घटना तल प्रहरीदेखि लिएर सरकारी वकिल हुँदै अदालतसम्म जाँदा पनि अहिले धेरै मान्छेहरू झुट्टा मुद्दामा, धेरै गरिब दलितहरू झुट्टा मुद्दामा फसिरहेका छन्, फसाइएको छ । यो अवस्था भ'कोले गर्दा अब चाहिँ मान्छेमा जुन हिजो मान्छेले चाहिँ झन् अदालत ठिक रहेछ, कमसेकम सत्यतथ्य त त्यहाँ हुँदो रहेछ र न्यायलय चाहिँ विभिन्न चिजहरूबाट प्रभावित हुने र सही न्याय नपाउने भन्ने जुन जनताको गुनासाहरू छन् । यसलाई हामीले अपेक्षा गरेका छौं, जो अहिले प्रधानन्यायाधीश आउनुभा'को छ । र उहाँ जनताप्रति सधैं चाहिँ सकारात्मक हुनुहुन्छ भन्ने किसिमको चाहिँ सन्देश चलिरहेको, आइरहेको बेलामा, हिजो अन्यायबाट चाहिँ आक्रान्त भ'को समुदाय चाहिँ अब चाहिँ हाम्रो पक्षमा सत्यतथ्य हुने छ, न्याय पाउने छौं भनेर चाहिँ जुन आशा, अपेक्षा राखेका छन् । यो, यो अपेक्षा सर्वोच्च अदालतदेखि लिएर तल जिल्ला अदालतसम्म (समय सकिएको हो?) (**सम्माननीय अध्यक्ष**:-बोल्नुस्, बोल्नुस् माननीयज्यू ।) मान्छेले चाहिँ जुन किसिमले बुझिरहेको छ र न्याय सम्पादन चाहिँ वास्तवमा

सर्वसाधारण जनताको पक्षमा हुन्छ भनेर जसरी चाहिँ सोँच बनिरहेको छ । र यो चाहिँ नयाँ नियुक्तिले एक किसिमको उत्साह पैदा गर्नेछ । र हामीलाई लागेको छ, हामीले त्यसलाई चाहिँ असाध्यै सकारात्मक रूपमा चाहिँ बुझिरहेका छौं । जो हिजो हामी न्यायबाट ..... थियौं । र त्यो जुन समुदाय न्यायबाट ..... छ, त्यो समुदायले न्याय पाइरहेको छैन । अहिले २१ औं शताब्दीमा पनि मान्छेले न्याय नपाएर चाहिँ न्याय पाइन भन्नु यो दुःखद् छ ।

अब अहिले हेर्दाखेरिमा तराइतिर, अब यो पुस्तौं पुस्ता बसिरहेका छन् मान्छेहरू बसिरहेका छन्, त्यहाँ अझ त्यो मुसहरबस्ती, मुसहरबस्ती, यो सप्तरीको सप्तकोशी नगरपालिका ४ मा रहेको ठुलो मुसहर बस्ती छ । त्यो मुसहरबस्तीमा चाहिँ, ती त्यहाँका चाहिँ जिमदारहरूले चाहिँ आफ्ना काम गर्न भनेर राखेका हुन सक्छ । तर यो पुस्तौं पुस्ता भयो, उनका नाममा न त लालपुर्जा छ, न बस्नलाई कुनै ग्यारेन्टी छ । जुनसुकै बेला पनि उठाउन सक्छ भनेर त्राहिमाम् छन् । यसले गर्दा जसरी चाहिँ काठमाडौंमा अहिले यो गरिबको राज्य छैन । काठमाडौंबाट पुरै गरिबहरू धपाइएका छन् । सुकुम्वासीहरू धपाइएका छन्, नाङ्ला पसले धपाइएका छन्, जो चिया पसल चलाएर, गरेर, नाङ्लोमा पसल चलाएर चाहिँ ती गरिबहरूले छोराछोरीहरू काठमाडौंमा पढाइरहेका थिए र अहिले उनीहरूको कन्तबिजोग भइरहेको छ । र काठमाडौं चाहिँ अथवा गरिबको राज्य नभ'को ठाउँ, यो त धनी मान्छेहरूले बस्ने ठाउँ भनेर चाहिँ मान्छेले चाहिँ अहिले व्याख्या, विश्लेषण गर्न थालेका छन् । त्यस्तै स्थिति चाहिँ तराइमा पनि देखिएको छ । र उठिबास लागेको छ । यो, यी विषयमा चाहिँ सरकारको ध्यान जाओस् भनेर म सम्माननीय अध्यक्षमार्फत चाहिँ म अनुरोध गर्छु । र यस्ता अहिले आएर पनि हामीले चाहिँ जो हाम्रो देश चाहिँ विकासको चाहिँ चरम ..... लैजानुपर्छ । हामी सबै एक भएर चाहिँ जसरी मौरीले झैं हामी ज्ञानी मौरी जस्तो भएर मिलेर चाहिँ यो देशको विकास गर्नुपर्छ भन्ने अवस्थामा, एकले अर्कोलाई चाहिँ तैले उत्पीडन गरिस्, तैंले उपेक्षा गरिस्, तैंले चाहिँ हेला गरिस्, तँ ठुलो, तँ सानो भन्ने अवस्था सृजना हुनु असाध्यै दुःखद् अवस्था छ । र यसले विस्तारै समाज चाहिँ कता जाँदैछ? हाम्रो समाज कता जाँदैछ? हामीले कता लाँदैछौं? भन्ने चाहिँ एउटा चाहिँ अवस्था सृजना भा'को छ ।

फेरि अर्को कुरा के भइरहेको छ, अहिले सद्भावना विग्रियो, सद्भाव विग्रियो भन्छन् क्या । हिजो एउटा समुदायले बुझेको थिएन, सहिराख्याथ्यो । अहिले उसले बुझेको छ, उसले अधिकार खोजेको छ, उसले अधिकार खोजेपछि के हो त भन्दा एकथरी मान्छेहरूले चाहिँ सद्भाव विग्रियो अथवा चाहिँ यो गन्जागोल भयो भनेर चाहिँ गलत अर्थ बुझिराखेका छन् । त्यो नभई हो के त हामीले गल्ती गर्‍या रहेछम्, यसलाई करेक्सन गर्नुपर्छ र हामी सब एक भएर चाहिँ हामीले चाहिँ

हाम्रो देश बनाउनुपर्छ, हाम्रो देश विकसित देश बनाउनुपर्छ भन्ने सोँच हामीमा चाहिँ पैदा होस् भन्ने कामनाका साथ मेरो चाहिँ भनाइ यहीँ अन्त्य गर्छु । हवस्त, धन्यवाद ।

**सम्माननीय अध्यक्षः**- माननीय भगवती न्यौपाने । समय १० मिनेट । यसपछि माननीय युवराज शर्मा ।

(१३:१३ बजे) **माननीय श्री भगवती न्यौपाने (नेपाल कम्युनिष्ट पार्टी, एमाले)**:- सम्माननीय अध्यक्षज्यू, आज धार्मिक नाममा जुन एउटा धार्मिक सहिष्णुताको त्यसमा खलल पुग्ने खालका गतिविधिहरू सञ्चालन भइरहेका छन् । वास्तवमा बहुजात, बहुधर्म, बहुसंस्कृति हाम्रो नेपालीहरूको जे पहिचान छ, त्यो हाम्रो गर्व हो, अभिशाप होइन । जातीय सद्भावमा खलल पुग्ने गरी जे गतिविधिहरू सञ्चालन भइरहेका छन्, त्यो अत्यन्तै दुःखद् छ । आजको कोशीमा पहिचानका नाममा जातीय सद्भावमा खलल पुग्ने खालका गतिविधिहरू भइरहेका छन् । त्यसलाई उक्साउने काम गठबन्धनबाटै भइरहेको छ । त्यसलाई नियन्त्रण गर्ने भन्दा, जातीय सद्भाव कायम गर्न भन्दा, त्यसलाई उक्साउने र अराजकतातिर लैजाने खालका परिस्थितिहरू आज गठबन्धनबाट, सरकारबाट नै त्यस्ता खालका गतिविधिहरू भइरहेका छन् । त्यसैले म सचेत गराउन चाहन्छु, मिलेर बसेका नेपालीहरूलाई जात, जताका नाममा लडाइँ गराएर यो देशलाई रूवान्डा बनाउन हामी चाहँदैनौं । त्यसैले त्यसतर्फ सरकारको ध्यान जाओस् ।

वास्तवमा कोशी प्रदेशमा अहिले चर्चामा छ, कोशी प्रदेश । अनौठो लाग्छ, गठबन्धन किन बन्यो? संविधान बचाउनको निम्ति बनाएको, यो संविधान जोगाउनका निम्ति बनाएको भनेर दाबी गर्नेहरू, धन्य छ गठबन्धन । सर्वोच्च अदालतले आज मुख्य मन्त्री नियुक्त गर्ने सन्दर्भमा, विश्वासको मत लिने सन्दर्भमा, संविधान मिच्ने काम भयो भनेर एक पटक फैसला गरिसेकपछि ।

(१३:१५ बजे) **पीठासीनः**- माननीय उपाध्यक्ष श्री उर्मिला अर्याल ।

**माननीय श्री भगवती न्यौपाने (नेपाल कम्युनिष्ट पार्टी, एमाले)**:- फेरि पनि त्यही काम दोहोऱ्याउने कुरा कसले गऱ्यो? त्यो निर्देशन कसले दियो? त्यसैले संविधान बचाउनको निम्ति भनेर जे भनिएको छ, त्यो मिथ्या सावित भएको छ । संविधानको दिन प्रतिदिन संविधानलाई चाहिँ एउटा हत्या गर्ने काम भइरहेको छ । र यो सरकार सुशासन दिने, भ्रष्टाचारलाई नियन्त्रण गर्ने कुरा गर्छ । सुशासनका निम्ति भनेरै भाषणहरू सुनियो, भ्रष्टाचार नियन्त्रण गर्ने सन्दर्भमा का

कुरा गरेको भाषण धेरै सुनियो तर व्यवहार हेर्दा त्यस्तो पाउन सकिएन । आफ्ना हातमा सुनका डल्ला फलाउने, आरोप जति विपक्षीलाई आरोप लगाउने, प्रतिपक्षलाई आरोप लगाउने, जसलाई जोगाउँदाखेरि आफ्नो कुर्सी बच्छ, गठबन्धनका नेताहरूलाई जोगाउने, अनि सामान्य मान्छेहरूलाई फसाउने, त्यसैले स्टन्टबाजीमा रमाउने, यो सरकारको अहिलेको गतिविधि, अनि सुशासन कायम गर्छु भनेर गरेको भाषण जनताले पत्याउँछन्? जनताले पत्याउँदैनन् र पत्याएका पनि छैनन् । आज प्रतिपक्षले जे आवाज, जे माग गऱ्यो, प्रमुख प्रतिपक्षले जे माग गऱ्यो, यो देशमा जति तस्करीहरू भइरहेको छ, भ्रष्टाचार भइरहेको छ, त्यसलाई सधैंको निम्ति अन्त्य गर्नुपर्छ । त्यसका निम्ति उच्चस्तरीय छानबिन समितिको आवश्यकता छ भनेर सदनमा जसरी आवाज उठायो र आज उच्चस्तरीय छानबिन समिति गठन गर्ने जुन सहमति भएको छ । त्यो स्वागतयोग्य छ । यही कुरा अलि पहिला किन नगरिएको? अलि पहिल्यै गर्नुपर्थ्यो । एक महिना अगाडि गर्न पर्थ्यो सहमति, तर गरिएन । तर मलाई विश्वास छ, यो उच्चस्तरीय छानबिन समितिले जस्ताको त्यस्तै रिपोर्ट पेस गर्ने छ । सत्यतथ्य जस्ताको त्यस्तै बाहिर ल्याउने छ । र यो देशलाई सधैंको निम्ति भ्रष्टाचारमुक्त देश, तस्करीको अखडा बन्नबाट मुक्त देश बनाउनको निम्ति त्यो उच्चस्तरीय छानबिन समितिले योगदान गर्ने छ, म शुभकामना पनि दिन चाहन्छु ।

र म भन्न चाहन्छु । जब प्रतिपक्षले देशमा सुशासन कायम गर्नका निम्ति आवाज उठाउँछ, त्यति बेला उल्टै प्रतिपक्षमाथि अनेक खालका मिथ्या आरोपहरू, काल्पनिक आरोपहरू लगाइन्छ । अहिले पनि त्यस्ता खालका आरोपहरू कहाँ भेट्टाउन सकिन्छ? प्रतिपक्षका कमजोरीहरू, कहाँ भेट्टाउन सकिन्छ? अझ प्रतिपक्षको पनि नेता, प्रमुख प्रतिपक्षको नेता केपी ओलीका कमजोरीहरू कहाँ छन्? कहाँ कसरी भेट्टाउन सकिन्छ? भनेर खोज्दै हिँड्छ । म अनुरोध गर्न चाहन्छु सरकारलाई, सबभन्दा पहिला छानबिन, प्रतिपक्षलाई जे जे विषय उठाएर आरोप लगाइएको छ, सबभन्दा पहिला छानबिन गरियोस् । अब मेरो जवाफ कसैले दिनुपर्दैन, जवाफ छानबिन गरेर दिनुहोस् । दोषी किटान गरेर दिनुहोस्, दोषी किटान गरेर कारबाही गरेर देखाउनुहोस् । म आज जति विषयमा प्रतिपक्षलाई आरोप लगाइएको छ । म एक एक भन्न चाहन्छु, सबैले सुन्ने गरी भन्न चाहन्छु ।

आज एउटा आरोप लगाइएको छ, ओम्नीको विषयमा भ्रष्टाचार गऱ्यो केपी ओली नेतृत्वको सरकार हुँदा भ्रष्टाचार भयो । स्वास्थ्य सामग्री ल्याउँदा भ्रष्टाचार भयो, कमिसन खाइयो भनेर जे भनिएको छ, म भन्न चाहन्छु । ओम्नीको विषयमा के हो सबै जनतालाई यसको सत्यतथ्य वास्तविकता के हो भन्ने कुरा, सत्य कुरा के हो भनेर भन्ने कुरा म भन्न चाहन्छु । जति बेला कोभिडले आक्रान्त थियो विश्व, त्यति बेला स्वास्थ्य सामग्रीको अभाव भइराख्दाखेरि

कसले ल्याउँछ स्वास्थ्य सामग्री भनेर, पोसाकको समेत त्यतिखेरि स्वास्थ्यकर्मीले लगाउने पोसाकको अत्यन्तै आवश्यकता हुँदा कसले ल्याउँछ भन्दै गर्दा विश्वव्यापी चाहिँ एउटा स्वास्थ्य सामग्रीको एउटा नेटवर्क भएको कम्पनी ओम्नी कम्पनी, नेपालका प्रतिनिधिहरू, ओम्नी कम्पनी नेपालका प्रतिनिधिहरूले हामी ल्याउँछौं भने । हामी ल्याउँछौं भनेर भनिसकेपछि सरकारले त्यतिखेर एयर रूट पनि बन्द भइरहेको बेलामा नेपाल एयरलाइनबाट पठायो र स्वास्थ्य सामग्री ल्याउन । अनि जब चीनमा गयो, उसले उत्पादन गरेको थियो भन्ने कुरा सुनेपछि पठायो । जब चीनमा गइसकेपछाडि नेपालले अर्डर गरेको सामग्री अमेरिकाले लिएर गइसकेपछाडि त्यहाँ त्यही महङ्गोमा त्यो स्वास्थ्य सामग्री ओम्नीले ल्यायो । जब सम्झौताका सर्तअनुसार थिएन भन्ने कुरा थाहा पाइसकेपछि त्यति खेर सरकारले धरौटी जफत गर्ने काम गर्‍यो । धरौटी जफत गर्ने काम कसले गर्‍यो? कुन सरकारले गर्‍यो? केपी ओली नेतृत्वको सरकारले गर्‍यो । भुक्तानी दिने कुरा त छोड्दिऊँ, धरौटीसमेत जफत गर्‍यो । अनि त्यही ओम्नीलाई पटक पटक ओम्नी, यति, भुटानी शरणार्थी, वाइडबडी आदि इत्यादि भनेर जसरी प्रतिपक्षलाई भनिएको छ, म भन्न चाहन्छु । वाइडबडी के हो? वाइडबडी खरिद गर्ने सरकार को हो? त्यसको सम्झौता गर्ने सरकार को थियो? काँग्रेस र माओवादीको सरकार थियो कि थिएन? वाइडबडी विमान खरिद गर्ने सन्दर्भमा सम्झौता कसले गर्‍यो? सम्झौता, यदि केही गडबडी भएको थियो भने त्यति खेर सम्झौता गर्नेले गडबडी गरेको थियो होला नि? अनि अन्तिम किस्ता रकम त्यतिखेरका तत्कालीन मन्त्री रविन्द्र अधिकारीले अन्तिम किस्ता, मलाई लाग्छ १०/१५ प्रतिशत मात्रै बाँकी थियो होला, त्यो अन्तिम किस्ता पठाउँदा, आज वाइडबडी पनि एमालेले भ्रष्टाचार गरेको भनेर जसरी आरोपित गरिएको छ । त्यसैले म फेरि पनि भन्न चाहन्छु, यो विषयमा छानबिन गरौं, छानबिन सबभन्दा पहिला छानबिन गरियोस् । आज एमालेलाई लगाएका आरोपहरूमा सबभन्दा पहिला छानबिन गरियोस्, म आग्रह गर्न चाहन्छु, म अनुरोध गर्न चाहन्छु । नेपाली जनताले सबै वास्तविकता थाहा पाउन्, म यो कुरा सरकारसमक्ष राख्न चाहन्छु ।

त्यस्तै गरेर आज गिरीबन्धु टि स्टेटको बारेमा कुरा उठाइएको छ । जब सरकारले आफ्ना कर्तुतहरू लुकाउन, आफ्ना मान्छेहरूको कुरा आयो, प्रमाणसहित तथ्यहरूसहित जब आयो अनि यस्ता कुरा ल्याउइन्छ । के हो गिरीबन्धु टि स्टेट? भूमिसम्बन्धी (आठौं संशोधन) ऐनमा कहाँ लेखेको छ गिरीबन्धु टि स्टेट? अनि केही उद्योगहरू सञ्चालन गर्ने सन्दर्भमा केही चाहिँ कृषि क्षेत्रलाई व्यवसायीकरण गर्न विस्तार गर्ने सम्बन्धमा केही स्वास्थ्य संस्थाहरूको विषयमा केही कुरा सोच्नुपर्छ कि भनेर कानुन निर्माण गरेको कुरा, अनि गिरीबन्धु टि स्टेटलाई भनेर जे भनिएको छ त्यहाँ जे कुरा गरिएको छ, त्यसो भए के त्यो कानुन बनाउने

माननीयज्यूहरू सबै भ्रष्टाचारका मतियारहरू हुन्छ? त्यो कानुन पास गर्ने सबै सांसदहरू भष्टाचारका मतियारहरू हो? त्यसैले म एक एक छानबिन गरियोस् भनेर भन्न चाहन्छु ।

यतिको बारेमा पनि धेरै कुरा भन्न परेन । यतिले जुन ट्रष्टको जग्गा भाडामा लिएको छ । एउटा कालीमाटीमा लिएको छ, दरबारमार्गमा लिएको छ । गोकर्ण रिसोर्ट यो विषयमा एमालेले कमिसन खायो, भ्रष्टाचार गऱ्यो भन्नेलाई कालीमाटीको जग्गा Agreement गर्ने सरकार को थियो? त्यस्तै दरबारमार्गमा Agreement गर्ने सरकार को थियो? गोकर्ण रिसोर्टको त्यही नवीकरण गरेको होइन र? नवीकरण के रे चाहिँ Lease नवीकरण गरेको होइन र? ट्रष्ट, नेपाल ट्रष्टको ऐनबमोजिम नवीकरण गरेको विषयलाई यति धेरै जुन उछालिएको छ । नक्कली भुटानी शरणार्थीमा पनि ..... (समय सकिएको ।)

**<u>सम्माननीय अध्यक्ष</u>**:- माननीय युवराज शर्मा । समय ८ मिनेट । त्यसपछि माननीय उदय बहादुर बोहरा ।

**(१३:२४ बजे) <u>माननीय श्री युवराज शर्मा (नेपाली काँग्रेस)</u>**:- सम्माननीय अध्यक्ष महोदय, मानिसको पहिलो चाहना के हो भनी आफैंसँग प्रश्न गर्दा, शान्ति र सुरक्षा भन्ने शब्दहरू प्रतिनिधित्व हुन्छ । त्यसपछि स्वास्थ्य भई समानतापूर्वक बाँच्न पाउने अधिकारसहितको वातावरण वा समाज । त्यसैले वनस्पति अन्तरिक्ष सबैको शान्तिको कामनासहित "जीवेम शरदः शतम्, वसुधैव कुटुंबकम्" को राग त अलाप्यो तर भयो ठिक उल्टो । धर्म, जात, सिद्धान्तको नाउँमा दुई दुईवटा महायुद्ध अनेक जाति र धार्मिक युद्धहरू भए र नरसंहार गरियो । सुख, शान्ति, सुरक्षा, समानता कतै प्राप्त भएन । यसै सन्दर्भमा महान् वैज्ञानिक Albert Einstein को सिद्धान्तसँग प्रेरित भई J. Robert Oppenheimer को नेतृत्व atom bomb बनाई जापानको Hiroshima र Nagasaki मा खसाल्यो । र लाखौं निर्दोष मनुष्यलाई एकै चिहान बनाइयो । तत्कालीन अमेरिकी राष्ट्रपतिले खुसी भई उनलाई भेट दिँदा ती वैज्ञानिक अपराधबोधले पीडित थिए । यो दुःखको उनले शब्दमा प्रकट गर्दा झोक्किएर राष्ट्रपतिले तिरस्कारपूर्वक ल आँसु पुछ भनी रुमाल फालेर भेटवार्ता त्यहीं समाप्त गरे ।

यस्तै गरी रामायणमा पनि लङ्का विजय गरी रावणका कुल नाश हुँदा विभीषण शोकले काँतर भएका बेला रामले पनि विभीषणको अगि आँसु पुछन भनी रुमाल नै फालेका होलान् । त्यस्तै महाभारतको युद्धमा कौरवहरूसहित आफ्ना मान्यजन महारथीहरूको अन्त हुँदा दुःखले अर्जुन काँतर भएका बेला श्रीकृष्णले यस्तै गरी अर्जुनको अगि आँसु पुछन रुमाल नै फालेका

हुनुपर्दछ । राजनेता र सत्ताधारी प्राय मानवताविहीन नै हुने गर्दछन् । प्राय विज्ञान र दर्शनहरूले उनको दासत्व स्वीकार गर्न पुग्दछन् । नत्र Karl Marx को दर्शनले Stalin को जन्म हुने थिएन । अरू त अरू राष्ट्रवादले हिटलरलाई जन्म दिन पुग्यो । हुनत जातिको श्रेष्ठताको अहङ्कार पनि थियो । यसरी जातिको, धर्मको, सिद्धान्तको नाउँमा मानवताको बटवारा भएको देखिन्छ । वास्तवमा धर्मग्रन्थभित्र भरिएका हजारौं श्लोक सत्य र न्यायलाई छोप्ने साधनका रुपमा प्रयोग भएका छन् । यस्तै सबै राजनीतिकवादले विवाद र द्वन्द्वलाई निम्त्याए, नेपाल पनि अछुतो रहेन । यहाँ पनि एउटा सत्य के रह्यो भने स्वतन्त्र, समानता र परिवर्तनका पक्षधर जब अनेकन् दुःख र यातना, कारावास र .... भोग्दै सफल हुन्छन् र शासन सत्ता प्राप्त गर्न पुग्छन् तब सबै कुरा बिर्सी सत्तासँग मदमस्त किन हुन पुग्दछन्? जवाफदेही, पारदर्शी र नैतिकताको सम्बन्धमा प्रश्न किन उब्जिन थाल्छ? भ्रष्टाचार र अवैध धन्दा किन मौलाउन थाल्छ? शान्ति, सुरक्षा, विकास, सामाजिक न्याय, रूपान्तरण, समृद्धि, सबै नारामा सीमित किन हुन पुग्दछन्? पुनः किन एउटा दुश्चक्र सुरु हुन्छ? र प्राप्त भएको सबै उपलब्धिउपर ग्रहण लाग्न सुरु हुन्छ? घोत्लिनु अनिवार्य छ । सामाजिक रूपान्तरण र वैज्ञानिक दृष्टिकोणको बाधक अन्धविश्वासको प्रबलता मापन गर्ने हो भने अहिले भारत चन्द्रमाको दक्षिण ध्रुवमा चन्द्रयान उतार्न सफल भएको छ । उसको उन्नत विज्ञानलाई बधाई । तर चन्द्रग्रहण र सूर्यग्रहणलाई राहु केतुको स्पर्शको संज्ञा दिँदै तीर्थस्थलको नदीमा लागेको भारतीय हिन्दुहरूको घुइँचोले बडो विरोधाभासपूर्ण स्थितिको सिर्जना गर्दछ । नेपाल पनि यस्तो कुरामा अछुतो भने छैन । यस्तो समाजको रूपान्तरण कसरी सम्भव होला?

वर्तमान संविधान प्राप्तिपछि बनेका सबै सरकारले ..... नागरिक हकलाई पछ्याउनुभन्दा पन्छाइरहेका देखिन्छन् । संविधानअनुरूप संघीयतासमेतको कार्यान्वयनमा अटेरपना देखिन्छ । त्यसरी नागरिक पनि "महाजनो येन गतः स पन्था" अनुरूप कर्तव्य विमुख भई अराजक भिडमा परिवर्तन हुँदै छन् । शिक्षक, विद्यार्थी, पसले, उद्योगी, व्यापारी, ठेकेदार, स्वास्थ्यकर्मी, प्रहरी, कर्मचारी, इत्यादि सबै क्षेत्रमा अनुगमन फितलो बन्दै गएको छ । त्यसैले कार्यान्वयन पक्ष त झनै कमजोर बन्दै छ । सबैतिर व्याप्त ठगी, बेइमानी, कालाबजारी, जमाखोरी र तस्करीले प्रश्रय पाएको देखिन्छ । महङ्गी अनियन्त्रित हुँदै छ । यसलाई नियन्त्रित गर्ने अवस्था पनि छैन । नेपालका लागि अपर्याप्त गोलभेँडा जब निर्यात गरिन्छ भने महङ्गी त बढ्छ नै । त्यस्तै भारतले प्याजमा ४० प्रतिशत निर्यात कर र नेपाल सरकारले VAT लगाउँछ भने आयतित र निर्यातित दुवै वस्तुमा महङ्गी बढ्नु स्वाभाविक नै न हो । अब कृषि, उद्योग, विद्युत्, सबै क्षेत्रमा उत्पदन वृद्धि दोब्बर गर्ने नीति अवलम्बन गर्नु अनिवार्य छ । प्रत्येक वर्ष बजेटमा निर्यात प्रबर्धनको बाचा

त गरिन्छ तर ऋण र व्यापार घाटा बढ्दै गएको छ । हाम्रो योग्यता पुग्दैन कि क्षमता? वा हाम्रो भिजन र मिसन दुवै समय निरपेक्ष त भएन? आज नागरिक समाज पनि नागरिक कर्तव्यप्रति हेलचेक्रयाइँ गर्दै विसङ्गति, विकृति र प्रतिक्रियावादलाई बढावा दिँदै सानोतिनो स्वार्थमा रुमल्लिएर वर्तमान संविधान, संघियता र गणतन्त्रविरोधी अलौकिक अदृश्य वस्त्र बुन्न तत्पर वाचाल ठगहरूलाई आफ्नो मसिहा मान्न तत्पर देखिन्छन् । तसर्थ संविधानवादी दलहरूको एकता आज अपरिहार्य बन्दै गएको छ । सबै पुराना दल र नेताहरू संविधान र कानुनमा बाँधिन तयार हुनुपर्दछ । नत्र चारवटा मुख र एउटा पेट भएको चराको कथामा एउटा मुखले रिसाएर विषपान गर्दा चराको जुन गति भएको थियो, स्थापित पुराना दलको त्यस्तै गति हुन बेर छैन ।

नेपालको अर्थतन्त्रको सुधार सम्बन्धमा कुरा गर्दा दिनहुँजसो पत्रपत्रिकामा सन्दर्भ सामग्रीहरू प्रकाशित भइरहन्छ । बैङ्कमा थुप्रेका रकम ऋणको रूपमा परिचालित हुनुपर्ने, सरकारी आम्दानी खर्चको खाडल कम हुनुपर्ने, रेमिटयान्स र उत्पादनको क्षेत्रमा परिचालित गर्नुपर्ने, उद्योगमा शून्य विद्युत् कटौती आदि, इत्यादि । अब त शून्य बराबर छुट पनि छैन कसैलाई । यसका साथै गैरकानुनी धन्दामा शून्य छुट पनि नदिई नियन्त्रण अनिवार्य छ । पसलेले ग्राहकलाई बिल नदिनुदेखि घर बहाल कर नतिर्नुसम्मलाई पनि गैरकानुनी धन्दा भनी बुझ्नुपर्दछ । यातायात असुरक्षित बन्नुहुँदैन, पर्यटन घट्छ ।

नेपालमा पहिचानको मुद्दाले विगतमा ठुलो द्वन्द्व नै निम्त्याएको थियो । पहिचान आवश्यक छ । नेपालको संविधानमा संघीयताको समावेश सबै भाषा, भेषभूषा, पहिरन, संस्कृतिको सम्मान, समावेशी र समानुपातिक प्रतिनिधित्वलाई सम्बोधन गर्न खोजेको देखिन्छ । तर कुनै प्रदेशलाई एउटै जाति र संस्कृतिको नामकरण गर्नु उचित वा अनुचित? यसतर्फ विचार पुऱ्याउनु नै पर्दछ । सही कुरालाई सम्बोधन र गलत कुरालाई गलत भन्न सक्नुपर्दछ । गोरु इत्यादि काटेर खाने आन्दोलनको स्वरूप ठिक होइन । यसअघि पनि पहिचानको मुद्दाको स्वरूप पहिला भड्काऊ र सत्ता र शक्ति प्राप्ति भएपछि भट्काऊमा प्रमाणित हुन पुग्यो । अहिले मधेसमा बदलिँदो यही कुरा स्थापित, मधेसको बदलिँदो वातावरणले यही कुरा स्थापित गर्न पुगेको छ ।

दलित समुदायका समस्या बेग्लै छ । हजारौं वर्षदेखि समाजद्वारा बहिष्कृत दलित समुदायको, बहिष्कृत देखिन्छन् । जुन रामराज्यको बखान गरिन्छ, त्यस राज्यमा पनि स्वयम् रामद्वारा दलित बालकको हत्या भएको थियो । त्यस्तै त होइन? होला भारतको संविधान लेखनको नेतृत्व गरेका भीम राव अम्वेडकरले आफ्नो हजारौं अनुयायीसहित बुद्ध धर्म दीक्षित हुन पुगे । महात्मा गान्धीले हरिजन र मुस्लिमको अलिकति भए पनि पक्ष लिएकै कारण एउटा

धर्मान्धद्वारा छातीमा गोली खानुपरेको थियो । स्वतन्त्र भारतमा उच्च जातिद्वारा दलितका गाउँका गाउँ जलाइए । नेपालमा आज पनि कर्णाली प्रदेशमा दलितको हत्या गरिन्छ, घर जलाइन्छ । सुदूरपश्चिममा घर भत्काइन्छ । उता भारतमा पनि जब सम्मानित प्रधानमन्त्रीज्यू (एक मिनेट है, सम्माननीयज्यू ।) प्रधानमन्त्रीज्यूले हिन्दुत्ववादी वागेश्वर धाम बाबा धिरेन्द्र शास्त्रीको अवैज्ञानिक चटके चर्तिकला नियालेको दृश्य एकातिर प्रचारित गरिन्छ भने अर्कोतिर चन्द्रयान-३ चन्द्रमामा पुग्दा उहाँले थपडी बजाएर स्वागत गरेको देखाइन्छ । भविष्यमा कुन दृश्यलाई भारतको जनताले स्वीकार्लान्? त्यो हेर्न भने बाँकी नै छ । नेपालमा पहिचान र जातीय मुद्दालाई गलत दिशा दिने तत्व सलबलाउँदै गरेको दृश्य प्रष्ट हेर्न वा बुझ्न सकिन्छ । आदर्श समाजको संरचना आवश्यक छ । आज विश्वको बदलिएको वा बदलिरहेको ..... (समय सकिएको) ।

**<u>सम्माननीय अध्यक्ष</u>**:- माननीय उदय बहादुर बोहरा । समय ६ मिनेट । त्यसपछि माननीय मोहम्मद खालिद ।

(१३:३३ बजे) **<u>माननीय श्री उदय बहादुर बोहरा (नेपाली कम्युनिष्ट पार्टी, एकीकृत समाजवादी)</u>**:- सम्माननीय अध्यक्षज्यू, अध्यक्षज्यूको अनुमतिले अहिले पछिल्ला दिनमा धरानलगायतका केही ठाउँहरूमा आपसी भाइचारा र सद्भावलाई खलल पार्ने खालका क्रियाकलापहरू देखिएका छन् । जुन परापूर्वकालदेखि विभिन्न सम्प्रदाय, जनजाति धर्म संस्कृतिका नागरिकहरूबिच आपसी सम्मान, सद्भाव कायम राख्दै देश विकासमा एकजुट भई अगाडि आइरहेका छौं । सबै नागरिकको आस्था, विचारको सम्मान, राष्ट्रियताको भलो चिताउनु नै समाजको र मुलुकको सर्वोपरि हित हो । हाम्रो संविधानले आफ्नो आस्था, विचार, धर्म, संस्कृतिको जगेर्ना गर्ने स्वतन्त्रता दिएको छ । तर त्यस्तो स्वतन्त्रताको पालना गर्दा अरूको आस्था, धर्म, संस्कृतिमाथि दखल पुऱ्याउन नपाइने व्यवस्था पनि संविधानले गरेको छ । त्यसो भ'को हुनाले म धरानवासी सबै आम जनसमुदायलाई आपसी मतभेद, असहमतिलाई सौहार्दपूर्ण वार्ताद्वारा समाधान गरी सामाजिक सद्भावलाई कायम राख्न म आह्वान गर्दछु । र सरकारले यसमा थप पहलकदमी चैं लियोस् भन्ने म सम्मानित अध्यक्षमार्फत आह्वान गर्न चाहन्छु ।

सम्माननीय अध्यक्षज्यू, नेपाली जनताको वेदना, पीडाका आवाजहरूलाई उजागर गर्ने थलो सार्वभौम संसद हो । प्रमुख प्रतिपक्षको अवरुद्धको कारण एक महिनापछि आज संसद खुलेको छ । र हामीले जनताका आवाजलाई मुखरित गर्ने पुनः अवसर पाएका छौं । यसको लागि म प्रमुख प्रतिपक्षलाई धन्यवाद दिन चाहन्छु । तर संसद अवरुद्धले सिङ्गो राज्यलाई के

कति नोक्सान गर्‍यो? यो सोचनीय विषय हो, होला । तर उपलब्धि के कति भयो? प्रमुख प्रतिपक्षलाई फाइदा के कति भयो? उपलब्धि के कति भयो? त्यसको हिसाब किताब प्रमुख प्रतिपक्षसँगै होला । अध्यक्ष महोदय, तर म पटक पटकको संसद अवरुद्धले सार्वभौम संसदको गरिमामा ठुलो चोट पुगेको, यो साँचो हो । आमजनताको सदन र संसदप्रतिको वितृष्णा जुन छ, frustration जुन छ, त्यो बढेको पनि साँचो कुरा हो । संविधानविरोधी तत्वहरूलाई, संघीयताविरोधी तत्वहरूलाई, यो गतिविधिले मलजल गरेको, उनीहरूलाई ठुलो राहत पुगेको, यो कुरा पनि साँचो हो ।

त्यसो भ'को हुनाले म के निवेदन गर्न चाहन्छु भने अब अहिले अर्कोतिर यो बिचमा धेरै घटना र परिघटनाहरू भए, यो एक महिनाको बिचमा । चाहे त्यो अविरल वर्षाका कारण भएको बाढी पहिरोबाट जुन क्षति भयो धनजनको, त्यो होस्, चाहे त्यो पशु चौपायाहरू जुन Lumpy Skin रोगबाट मरे, जसको उपचार समयमा हुन पाएन । र आज किसानहरूले त्यसको क्षतिपूर्ति प्राप्त गरिरहेका छैनन् । चाहे डेङ्गु जस्तो महामारी र आँखा पाक्ने रोगहरू जस्ताबाट जुन ग्रस्त जनताका समस्याहरूलाई हामीले यहाँबाट उठाउन पाएनौं । अहिले आम उपभोग्य वस्तुहरू कालोबजारीको कारण बजारमा चरम महङ्गाई उत्कर्षमा पुगेको छ । र त्यसले आम उपभोक्ताहरूलाई ठुलो समस्या बनाको छ । योबारेमा पनि हामीले कुरा उठाउन पाएनौं । त्यसो भ'को हुनाले यो पटक पटकको जुन संसद बन्द हो, कहिले जलहरी, संसद बन्द । नीति तथा कार्यक्रम संशोधन गर्नुपर्‍यो भने फेरि संसद बन्द । कहिले सय किलो सुन पक्रिन्छ, संसद बन्द । म बडो विनम्रतापूर्वक निवेदन गर्न चाहन्छु, प्रमुख प्रतिपक्ष दलका मित्रहरूलाई । यो प्रमुख प्रतिपक्ष, सदनप्रति किन यति आक्रोश? किन यति प्रहार? अब अहिले आमजनता, यो मेरो आफ्नो भनाइ होइन, आमजनताको भनाइ के छ भने सरकारमा गए पनि सुख छैन, प्रतिपक्षमा बसे पनि सुख छैन । सरकारमा गयो संसद भङ्ग, प्रतिपक्षमा बस्यो सदन अवरुद्ध । आखिर समस्या त समाधान वार्ताबाटै हुँदो रहेछ । र अहिले वार्ता कमिटि चैं गठन भा'को छ । यो वार्ता कमिटिले, (सम्माननीय अध्यक्षज्यू, एक मिनेट दिनुहोला ।) वार्ता कमिटिले के परिणाम ल्याउँछ? अहिल्यै यसलाई यस्तो परिणाम ल्याउँछ भनेर टीकाटिप्पणी गर्न हतार हुन्छ । तर योभन्दा पहिला पटक पटक यस्ता आयोगहरू, समितिहरू बनेका छन् । चाहे त्यो ५६ सालमा परी थापाको अध्यक्षतामा बनेको होस्, चाहे त्यो २०७७ देखि ०७४ सम्मको जुन प्रमुख प्रतिपक्ष दलका जो सम्मानित नेता हुनुहुन्छ, उहाँको प्रधानमन्त्रीत्व कालमा भएको सरकारको जुन एउटा आयोगले, उहाँले गठन गरेको आयोगले ल्याएको रिपोर्ट ७ हजार ७ सय ९९ क्विन्टल सुनको कुरा होस्, र ४८ क्विन्टल सुनको कुरा होस्, ९ देखि या ४ कति मलाई अलि थाहा भएन, यो

त सम्बन्धित ठाउँबाट काठमाडौं आउँदा आउँदै तामा भएको कुरा होस् र ३३ के.जी. सुन गोरे जुन चुडामणि ज्यान केसमा मुद्दाभित्र थुनिएका छन् । धन्यवाद ।

**सम्माननीय अध्यक्ष**ः- माननीय मोहम्मद खालिद । समय ५ मिनेट । त्यसपछि माननीय महेश कुमार महरा ।

(१३:४० बजे) **माननीय श्री मोहम्मद खालिद (जनता समाजवादी पार्टी, नेपाल)**ः- सम्माननीय अध्यक्षज्यू, देशका विभिन्न भागमा विशेष गरी कोशीमा, कोशी प्रदेशमा जुन हामी दृश्य हेरिरहेका छौं, त्यो चैं एक दिनमा उत्पन्न भएको छैन, त्यो अवस्था एक दिनमा आएको छैन । हामीले वर्षौंदेखि नै के हरिरहे छौं भने केही न केही षड्यन्त्र यो देशमा यहाँका जनताका विरुद्ध विभिन्न नाउँमा भइरहेको छ । त्योमध्ये एक यहाँका सामाजिक र धार्मिक सद्भावलाई खतम पार्ने वा प्रभावित पार्ने पनि हो । हामीले योभन्दा अगाडि एकदमै शोषित, उत्पीडित समुदायविरुद्ध घटनाका शृङ्खलाहरू हेऱ्यौं तर हामीले उदासीनता देखायौं । म कुनै एक समूहको पक्ष वा विपक्षको मैले कुरो गरिरहेको छैन, एउटा सैद्धान्तिक कुरो गरिरहे छु । देशलाई यदि विकास, शान्ति र समृद्धिको बाटोमा लग्ने हो भने यहाँका सद्भावलाई मजबुत गर्न र त्यसलाई कायम राख्न अत्यन्त जरुरी छ । तर जुन दृश्य हामी आफ्नै घरभित्र अहिले हेरिरहे छौं, त्योबाट राम्रो केही नतिजा आउला मलाई लाग्दैन । मलाई एक जना भारतीय कवि एउटा सेरको सम्झना भइरहेको छ, "दिलके फफोले जल उठे सिनेके दागसे, उस घरको आग लग गई घरके चिरागसे" । घरभित्र आग लगाउनु कुनै देशभक्ति वा राष्ट्रवाद होइन । त्यसले गर्दा देशमा, हाम्रो देशको जुन एउटा विशेषता थियो, त्यो विशेषतालाई समाप्त पार्ने जुन षड्यन्त्र भइरहे छ, त्यसका बारेमा हामीलाई सजग हुनुपर्छ । मैले यहीं रोस्ट्रमबाट कति चोटि मैले सरकारको ध्यानाकर्षण गराएँ, यस्ता भइरहे छ । तर सायद साथीहरूलाई यो फलानो विरुद्ध भइरहे छ, नहेरौं, ध्यान नदिऊँ, तर "लगेगी आग तो आएङ्गे कई घर जद मैं, लगेगी आग तो आएङ्गे कई घर जद मैं, यहाँ पर हमारा मकान थोडी हे" । यहाँ सिर्फ कुनै एउटा समुदायको घर, सबैको बसोबास छ । त्यसले गर्दा सबै मिलेर यो देशलाई बनाउन निम्ति यहाँका सौहार्द र यहाँका वातावरणलाई राम्ररी कसरी रहन्छ, त्यसका जिम्मेवारी हामी सबैमाथि आउँछ ।

अर्को कुरो, अहिले संसद सुचारु हुने अवस्थामा आयो । म एउटा कुरा मात्र के भन्न चाहन्छु भने विपक्षले, प्रतिपक्षले मात्र यो बुझ्दिनुपर्छ कि यदि सत्ता सञ्चालनको जिम्मेवारी उहाँहरूलाई नै भएको भए के यो सजिलो अवस्था हुन्थ्यो? मलाई लाग्दैन कि यो अवस्था

आउँथ्यो । त्यसले गर्दा पार्टीको हितमाथि उठेर देश, जनता र संसदको हितलाई ध्यानमा राखी कुनै काम गर्नुपर्छ भन्ने मेरो आग्रह छ । धन्यवाद ।

**<u>सम्माननीय अध्यक्ष</u>**:- माननीय महेश कुमार महरा । समय १२ मिनेट । त्यसपछि माननीय रामचन्द्र राई ।

**(१३:४५ बजे) <u>माननीय श्री महेश कुमार महरा (नेपाल कम्युनिष्ट पार्टी, माओवादी केन्द्र)</u>**:- सम्माननीय अध्यक्ष महोदय, आज धेरै दिनपछि हामी सदन खुल्या छ र हामी चैं जनताका आवाजहरू यहाँ उठाइरहेका छौं । र आजको विषयमा मैले सुदूरपश्चिम प्रदेशको ९ जिल्लामध्ये ७ जिल्ला जोड्ने पहाडी, जो भीमदत्त राजमार्ग छ र अविरल वर्षाका कारण बुढीतोला र खानिडाँडा सडक भासिएर अवरुद्ध थियो । र केही मर्मत हुने काम भइरहेको छ र केही काम भइरहेको छ । र त्यसको विकल्पमा अर्को सडक छ दैजी, जोगबुढा र बुडर, त्यसलाई चैं सुचारु गर्न आवश्यक छ । र यसको निम्ति पटक पटक यो सदनमा माननीयज्यूहरूले पनि ध्यानाकर्षण गराउनुभा' छ र म पनि ध्यानाकर्षण गराउन चाहन्छु । वर्षा भइरहेको छ र बाटो चैं अलि त्यो खानिडाँडादेखि त्यता अलि जटिल छ । अझ फेरि भासिने सम्भावना छ । यदि त्यो अवरुद्ध भयो भने पहाडी ७ जिल्ला जोड्ने एउटै सडक हो, त्यो भीमदत्त राजमार्ग । त्यसो भएको कारण त्यसको विकल्पमा अर्को सडक छ महेन्द्रनगर दैजीदेखि जोगबुढा हुँदै बुडर भएर अगाडि बढ्ने सडक छ । हो त्यो सडक यहाँ कुरा उठ्दाखेरि त अस्ति एक/दुई दिन मन्त्रीजी पनि जानुभो' र त्यहाँ आफैं field मा गएर हेर्नुभो' र काम पनि सुरु भो' । एक/दुई दिन यहाँ डोजरहरू लगाउने काम भो' । फेरि आएर त्यो काम बन्द भा' छ । त्यसो भएको कारण फेरि त्यो रोडलाई सुचारु गर्नका निमित्त म अध्यक्ष महोदयमार्फत सम्बन्धित मन्त्रालयको चैं ध्यानाकर्षण गराउन चाहन्छु ।

एउटा विषय यो राखें भने अर्को विषय म अस्ति भर्खर हाम्रो दिगो विकास तथा सुशासन समिति र राष्ट्रिय योजना आयोगले चैं सोह्रौं पञ्चवर्षीय योजना निर्माण गर्दै रहेछ र त्यसको अवधारणा पत्रमाथि हाम्रो समितिमा छलफल भएको थियो । र त्यो छलफल गर्ने क्रममा त्यो अवधारणा पत्रमा एउटा नारा छ, सुशासन, सामाजिक न्याय र समृद्धि । यो आफैंमा अति मिठो र राम्रो नारा पनि छ । तर यो सुशासनको नारा त छ । यो सोह्रौं पञ्चवर्षीय योजनामा यसलाई कसरी यो सुशासन कायम गरेर लान सक्छौं भन्ने कुरा त्यो आउला र यही विषयलाई लिएर म के कुरा राख्न चाहन्छु भने जबसम्म यो देशमा सुशासन हामी कायम गर्न सक्दैनौं तबसम्म दिगो

विकास पनि हुन सक्दैन । यी एउटा सिक्काका दुइटा भनौं पाटा भएजस्तै हो । त्यसो भएको कारण सुशासनको विषयलाई लिँदाखेरि एउटा सामान्य तपाईंको अस्पतालदेखि लिएर कुनै ठाउँमा पनि भनसुन गर्नुपर्ने अवस्था छ । एउटा बिरामी आउँछ काठमाडौं, टिचिङमा भर्ना गर्नुपर्ने हुन्छ, त्यहाँ भनसुनकै भरमा चैं भर्ना गर्नुपर्ने हुन्छ । उसले चैं स्वतः त्यहाँ उपचार पाउँदैन । अनि यो अवस्था कहिलेसम्म रहन्छ? यद्यपि यो सोह्रौं पञ्चवर्षीय योजनामा यो नारा चैं राखिएको छ र यसलाई चैं कार्यान्वयन गर्नका निमित्त यो सरकार तम्तयार हुनुपर्छ र सुशासनको विषयलाई केही काम गरिरहेको पनि छ । यसको लागि हामी धन्यवाद दिन पनि चाहन्छौं । तर कुराले मात्र सुशासन गरेर मात्र हुँदैन, व्यवहार त्यो हुन्छ कि हुँदैन? केही घटना क्रमहरू हेर्दाखेरि केही अगाडि बढेको जस्तो देखिन्छ तर फेरि बढ्दा बढ्दै फेरि बिचमा रोकिएको जस्तो पनि देखिन्छ । यो किन भइरहेको छ? यसको निमित्त म के भन्न चाहन्छु भने, सबै राजनीतिक दलका नेतृत्वहरूलाई म के भन्न चाहन्छु भने तपाईंहरू स्वाधीन हुनुहोस् पहिलो चोटि । यदि नेपालमा सुशासन कायम गरेर नेपालको समृद्धितिर लैजाने हो भने नेताहरूले स्वाधीन हुन जरुरी छ । म देख्छु आफू, नेता स्वाधीन नभइकन राष्ट्र स्वाधीन हुन सक्दैन । किन डराउनुपर्‍यो? यो सार्वभौम राष्ट्र हो । कसैको घुर्की र धम्कीले डराउने होइन । भौगोलिक रूपमा सानो होला तर राष्ट्रियताको हिसाबमा बराबर हो हामी । डराउनुहुँदैन ।

त्यसो भएको कारणले पहिले कुरा चैं तपाईंहरू स्वाधीन हुनुहोस्, त्यसपछि सुशासन कायम गरौं र देशलाई अगाडितिर लैजान सकिन्छ । यसो भनिरहँदा यो सुशासन र सामाजिक न्याय र समृद्धिको कुरा गरिरहँदा सोह्रौं पञ्चवर्षीय योजनामा त्यो सुशासन प्रशासनभित्र मात्र हो कि त्यो राजनीतिक नेतृत्वभित्र पनि हुन्छ कायम? यसो हेर्दाखेरि मैले त्यो देखेनँ । यी जति घटना क्रम भए, अहिले यो प्रशासन अथवा कर्मचारीभित्र मात्र त्यो बढी देखिएको छ, सुशासनको विषयलाई लिएर । राजनीतिक रूपमा मैले त्यो पाएनँ । राजनीतिक नेतृत्वभित्र, राजनीतिभित्र पनि सुशासन हुन जरुरी छ । यदि राजनीतिभित्र सुशासन कायम गर्न सकेनौं भने हाम्रो समृद्धि पनि हुँदैन र हामी अगाडि पनि बढ्न सक्दैनौं । त्यसो भएको कारण पहिलो कुरो राजनीतिक नेतृत्वभित्र चैं सुशासन हुन जरुरी छ । निष्पक्ष भएर अगाडि बढ्नुपर्छ । काखा र पाखा गर्नुहुन्न, मेरो र पराई भन्नुहुन्न । यदि त्यो गर्‍यौं भने हामी अगाडि बढ्न सक्दैनौं । मेरो अनुरोध छ, नडराउनुहोस् । यो विषयलाई, यो सुशासनको विषयलाई अगाडि बढ्नुहोस् । तपाईंहरूलाई हाम्रो सहयोग छ, एक ढिक्का भएर यो सदनले तपाईंहरूको काम कारबाहीलाई सम्बोधन गर्छ । तर सुशासनको विषयलाई लिँदाखेरि अलि काखा र पाखा गर्‍यौं भने त्यो सम्भव छैन । त्यसको भएको कारण म यो अनुरोध गर्न चाहन्छु, काखा र पाखा होइन, निष्पक्ष भएर जुन अभियान

अहिलेको सरकारले चलाएको छ सुशासनको, यो सुशासनलाई चैं परसम्म, यसलाई निर्णायकसम्म हामीले पुऱ्याउनुपर्छ । विभिन्न काण्डहरूका कुरा आएका छन् । यी सबै काण्डहरूलाई निस्तेज गर्न अगाडि बढ्नुपर्छ ।

अहिलेको तत्कालकै कुरा गर्ने हो भने जुन सुन काण्ड छ, यो सुन काण्डलाई CIB ले जुन छानबिन गरिरहेको छ, यसलाई विश्वास मान्नुपर्छ, मान्नुपर्थ्यो । एउटा राज्यको अङ्ग हो । अब उच्चस्तरीय आयोगका कुराहरू आए, छानबिन समितिका कुराहरू आए तर बनाउने सहमति त भयो तर त्यो लगनपछिको पोते के काम । CIB ले छानबिन गरिसकेपछि असोज ५ मा बनाउने भन्ने कुरा गरेको छ । तर यस्ता कुराहरूले अगाडि बढ्न सक्दैन राष्ट्र । यी विषयहरूमा, यी राष्ट्रियता, यी सुशासनका विषयहरूमा सबै राजनीतिक दलहरूले एक ठाउँमा आउन जरुरी छ । म त्यो देखिरहेको छु र आउनु पनि पर्छ । यदि हामी यी विषयमा एकरूपताकासाथ अगाडि बढ्न सकेनौं भने यो राष्ट्र अगाडि बढ्न सक्दैन । र यो विषयमा मैले यति राखें ।

र अर्को विषय, अर्को विषय म सम्माननीय अध्यक्ष महोदय, अर्को विषय म के राख्न चाहन्छु भने यो हाम्रो देशमा चैं ६३ वटा स्टाफ नर्स कलेजहरू रहेछन् । ७३ वटा चैं अहिले बन्द अवस्थामा छन् । तर यहाँ कस्तो देखिएको छ भन्दाखेरि हामीले बेलायतसित पनि हामीले सम्झौता गऱ्या छौं, १० हजार नर्सहरूलाई हामी बेलायत पठाउने भनेर सम्झौता गऱ्या छौं । अनि प्रत्येक स्कुलमा एउटा नर्स राख्ने भनेका छौं । तर यहाँ चैं कलेजहरू बन्द भइरहेका छन्, बन्द गरिएको छ । किन यो भइरहेको छ? यो एकातिर यो दुई चरित्र जस्तो देखियो । यदि ऐनमा त्यो समस्या हो भने, तर ऐनमा पनि म त्यो समस्या खासै देख्दैन । ऐनमा के छ भन्दाखेरि ऐनको CTEVT अन्तर्गतका जो स्कुलका प्राविधिक ऊ छन्, त्यो CTEVT अन्तर्गतै हो भनेर चैं २०७५ को नियमावली ऐनको धारा ५३ मा स्पष्ट छ । तर अहिले चैं भइरा' छैन । जसले चैं यो नर्स स्टाफ पढ्न खोजिरा' छन्, अहिले विदेश गइरहेका छन् । तपाईंको नजिकै भारतमा कयौं विद्यार्थीहरू गएर पढिरहेका छन् । र भारतले पनि यो कुरा बुझेर अहिले १५७ वटा यो border मा स्टाफ कलेज नर्सिङहरू खोलिरहेको छ । तर हामी किन यस्तो गरिरहेका छौं? एउटा पैसो पनि बाहिर गयो, अर्को कुरो चैं हामीले पढ्न पनि पाइरहेका छैनौं । र यतातिर हामीले के भन्या छौं भने प्रत्येक स्कुलमा अब नर्सको दरबन्दी, गाउँ गाउँमा हस्पिटलहरू त्यहाँ राख्ने भन्या छौं । अनि बाहिर पनि हामीले बेलायतसित पनि हामीले सम्झौता गऱ्या रैछौं, १० हजार नर्सहरूलाई पठाउने । अब कहाँबाट पठाउँछौं? कलेजहरू बन्द छन् । नेपालमा पढ्न पाउँदैन । जोसँग पैसा छ, ऊ त इन्डिया गएर पढ्ला, border मा गएर पढ्ला तर नेपालमै पैसा

नभा' निमुखा, गरिब जनताले कहाँबाट पढ्छन् । यो कुरा चैं सोच्न जरुरी छ । कहाँनिर त्रुटि भएको छ, के छ? यो सरकारको यो विषयमा पनि म ध्यानाकर्षण गराउन चाहन्छु ।

यो विषय राखिसकेपछि अर्को विषय म राख्न चाहन्छु । मेरो जिल्ला डडेल्धुरामा संघीय अस्पताल छ, डडेल्धुरा अस्पताल । त्यसलाई मेडिकल कलेज बनाउने भन्ने कुरा पनि छ । तर त्यहाँ कहिले पनि दरबन्दीमा डाक्टर जान मान्दैनन् । अहिले पनि त्यहाँ अभाव छ । त्यो डडेल्धुरा संघीय अस्पताल यस्तो अस्पताल हो, सुदूरपश्चिममा ९ जिल्लाहरू पर्दछन्, ९ जिल्लामध्ये ७ जिल्ला पहाडी क्षेत्रमा पर्छन् । त्यो ७ जिल्लाको मुटु हो । त्यो चैं त्यो ७ जिल्लाको केन्द्र हो, डडेल्धुरा अस्पताल । त्यसो भएको कारण त्यहाँ किन अभाव भइरहेको छ? किन हामीले पटक पटक सदनमा हामीले सरकारको ध्यानाकर्षण गराएका छौं । तर सरकार किन उदासीनता? खोइ त्यसप्रति चासो देखाएको? त्यो देखाउनुपर्छ । यदि त्यहाँ हामीले अहिले तत्काल डाक्टर पठाउन सकनौं भने यस्तो अविरल वर्षा छ, विभिन्न पहिरो गएको छ, विभिन्न रोगहरू चैं फैलिने सम्भावना छ र ती ७ जिल्लाका जनताहरूप्रति अन्याय हुन्छ । त्यसो भएको कारण म सम्माननीय अध्यक्षज्यूमार्फत तत्काल डाक्टरको चैं व्यवस्था गरियोस् भनेर म सम्बन्धित मन्त्रालयको म ध्यानाकर्षण गराउन चाहें ।

र अर्को कुरा के राख्न चाहन्छु भने यतिबेला केही सद्भावका कुराहरू आएका छन्, खलबलाउने कुराहरू, यो कहाँबाट भइरहेको छ? के भइरहेको छ? यो कुरा बुझ्न जरुरी छ । यसमा बुझ्न सकेनौं, एकले अर्कोलाई आरोप लाएर मात्र हुँदैन । यहाँ मैले सुनें, योभन्दा अगाडि बोल्ने माननीयज्यूले पनि राख्नुभो' गठबन्धनलाई नै उक्साउने काम भयो भन्ने तरिकाले जो राख्नुभो', त्यसो गरिरहेको छैन । गठबन्धनले त ती समस्याहरूलाई समाधान गर्नलाई जब संविधानलाई चैं track भन्दा बाहिर लगेर, संविधानलाई जलाएर, तोडेर राति चैं सामन्त गोयलसित, दुई पटक विघटन गरिसकेपछि त्यो संविधानलाई track मा ल्याउनको निमित्त यो गठबन्धन गरिएको हो । त्यसो भएको कारणले गठबन्धनले सद्भाव कायम राख्छ । सद्भावलाई खलल पुगाउँदैन । र म के अनुरोध गर्न चाहन्छु भने कहीं कतै त्यसो भएको पनि छैन, म त्यो आह्वान गर्न चाहन्छु ।

र अर्को कुरो मैले भन्नैपर्ने विषय, बत्ती बलिसकेको छ । यो हाम्रो निर्माण व्यवसायहरू अहिले आन्दोलनमा छन् । त्यो निर्माण व्यवसायहरू आन्दोलनमा छन् भने उहाँहरूलाई पैसा नभएर नदिएको हो वा के हो? अथवा त्यो स्थिति कसरी सिर्जना भयो? यो कुरा चैं जान्न जरुरी छ । स्रोत सुनिश्चितता नभइकन अरबौंका ठेक्का लगाएर देशलाई चैं बर्बादीतिर लैजाने कसले

गरेको हो? यो समीक्षा हुन जरुरी छ । यो सदनमा जवाफ दिनुपर्छ । यो सदनमा सरकारले जवाफ दिनुपर्छ । उहाँहरूका समस्या चैं तत्काल सम्बोधन गरोस् भनेर म अध्यक्षमार्फत सरकारको ध्यानाकर्षण गर्न चाहन्छु । धन्यवाद ।

**सम्माननीय अध्यक्ष**:- माननीय रामचन्द्र राई । समय ८ मिनेट । त्यसपछि माननीय राजेन्द्र लक्ष्मी गैरे ।

**(१३:५८ बजे) माननीय श्री रामचन्द्र राई (नेपाल कम्युनिष्ट पार्टी, एमाले)**:- सम्माननीय अध्यक्षज्यू, "नाच्न जान्दैन आँगन टेडो" । १० गते, साउन १० गतेदेखि प्रतिपक्षले माग राख्यो । सदन अवरूद्ध भो', त्यो माग बेठिक थियो भने अहिले गर्छु भनेर सरकारले किन मान्या? ठिक थियो भने त्यही बेला किन नगऱ्या? त्यही बेला गऱ्या भए, यति लामो समयसम्म सदन अवरूद्ध हुँदै हुँदैन थियो नि । त्यसो भएर सरकार नाच्न जान्दैन आँगन टेडो भन्छ ..... । यो छोड्न पऱ्यो, सरकार र गठबन्धनको बुद्धि पलाओस् । ढिलै भए पनि प्रतिपक्षको मागलाई सम्बोधन गरेको छ । ढिलै भए पनि सरकार र गठबन्धनको चेत खुलेको छ । चेत खुलेको प्रति म धन्यवाद भन्न चाहन्छु ।

सुख्खा क्षेत्र पीडित, बाढी, पहिरो पीडित, डुबान पीडित, प्रकृतिक विपत्तिबाट पीडितहरूलाई यथाशीघ्र राहत उपलब्ध सरकारले गराओस्, म अनुरोध गर्न चाहन्छु । महङ्गीले निम्न आय भएको नागरिकको जनजीवन कष्टकर भएको छ । त्यसलाई उसले व्यवस्थापन गर्न सकोस् । प्रभावकारी योजना बनाएर कम्तिमा नि ती आहतमा परेका नागरिकको जीवनलाई राहत दिन योजना बनाओस् । र त्यो महङ्गीको मारबाट परेका नागरिकलाई केही भए पनि प्राण दिन सकोस्, म सरकारलाई अनुरोध गर्न चाहन्छु ।

अहिले सडक दुर्घटना बढिरहेको छ । सडक दुर्घटनाबाट पैदल यात्रु, यातायात साधनमा यात्रा गरिरहने यात्रुहरूको जीवन गइरहेको छ । यसतर्फ यसलाई प्रभावकारी कदम चालेर कसरी न्यूनीकरण गर्न सकिन्छ? भन्ने बारेमा योजना बनाओस् । र अकालमा नागरिकको ज्यान जाने कुरा प्रति सरकार जिम्मेवार बनोस्, अकालमा नागरिकको ज्यान जानबाट रोकोस्, यस पाटोमा सरकारको बुद्धि पलाओस्, म अनुरोध गर्न चाहन्छु ।

अस्ति भर्खरै, मलाई लाग्छ, साउन २८/२९ तिर सम्माननीय प्रधानमन्त्रीज्यूले सामाजिक सुरक्षा, अनौपचारिक क्षेत्रका श्रमिकहरूलाई सामाजिक सुरक्षा कोषमा आवद्ध गराउने भनेर

सुरूवात गर्नुभो' । त्यो गरिरहँदाखेरि दुई ओटा गाउँपालिकाले, मुलुकका दुई ओटा गाउँपालिकाले सामाजिक सुरक्षा कोषमा आवद्धता जनाए । मकवानपुरको भीमफेदी गाउँपालिका, स्याङ्जाको फेदीखोला गाउँपालिकाले त्यसमा आवद्धता जनायो । म सबै गाउँपालिका, सबै स्थानीय तहहरूलाई त्यस खालको विधिबाट अनौपचारिक क्षेत्रका श्रमिकहरूलाई सामाजिक सुरक्षा कोषमा आवद्ध गराउनको लागि त्यो विधि अवलम्बन गरेर ती अनौपचारिक क्षेत्रमा काम गर्ने श्रमिकहरूको जीवनलाई आशावादी बनाउन सकोस्, राष्ट्रप्रति भरोसायोग्य नागरिक उत्पादन गर्नको लागि त्यो बाटोबाट भए पनि ती विपन्न श्रमिकहरूको व्यवस्थित गर्न सकोस्, सरकारले यसप्रति ध्यान दियोस्, म अनुरोध गर्न चाहन्छु । यति खेर, जति खेर सामाजिक अनौपचारिक क्षेत्रको सामाजिक सुरक्षा कोषमा आवद्धता गराउने कुरा गरिरहेको छ, यतिनै खेर मुलुकका धेरै रोगजारदाताहरू कम्पनीहरूले सबैले सामाजिक सुरक्षा कोषमा आवद्धता गराउने बाध्यकारी स्थिति भएको छैन । बाध्यकारी अवस्था सृजना गर्न लगाओस् सरकारले म अनुरोध गर्न चाहन्छु ।

सामाजिक सुरक्षा कोषको कुरा गरिरहँदा सरकारको आफ्नो कार्यालयहरूमा, हाम्रा कार्यालयहरूमा, सरकारी कार्यालयहरूमा न्यून वैतनिक कर्मचारीहरू, ड्राइभर, सवारी चालक र यो कार्यालय सहयोगीहरूलाई आज करारमा राखिएको छ । उनीहरूलाई सामाजिक सुरक्षा कोषमा आवद्ध गरिएको छैन । तर हामी के भनिरहेका छौं भने अनौपचारिक क्षेत्रमा श्रमिकहरूलाई चाहिँ सामाजिक सुरक्षा कोषमा आवद्ध गराउनुपर्छ भनिरहेका छौं भने यतापटि आफ्नै नाक मुनि भइरहेका मान्छेहरू जो करारमा छन्, जसको जीवन आज हो कि भोली हो? भोली कसरी व्यवस्थित हुने भन्ने छैन, उसलाई चाहिँ सामाजिक सुरक्षा कोषमा राखेको छैन । म नेपाल सरकारका कार्यालयहरूमा रहेका न्यून वैतनिक कर्मचारीहरू, कार्यालय सहयोगी र सवारी चालकहरूको, लाई सामाजिक सुरक्षा कोषमा तत्काल आवद्धता गराओस् र उनीहरूको भविष्यप्रति आशावादी बनाउने काममा सरकारको अग्रसरता देखाओस्, म अनुरोध गर्न चाहन्छु ।

अहिले वन पैदावार विकास समिति, सागरनाथ वन विकास परियोजना, रतुवामाई वन विकास परियोजनाका कर्मचारीहरूले १ वर्षदेखि तलब, भत्ता खा'का छैनन् । १ वर्षदेखि तिनले तलब, भत्ता खा'का छैनन् । र तिनको जीवन कस्तो भइरहेको होला? उनको परिवार के भा'को होला? भन्ने कुरा सरकारको ध्यान जाओस् । हामीले भनिरहेका छौं, वन पैदावारलाई व्यवस्थित ढङ्गले सदुपयोग गर्ने, त्यसको सदुपयोगबाट राष्ट्रिय आयलाई विकास गर्ने भनेर भनिरहेको बेलामा त्यही क्षेत्रमा काम गर्ने कर्मचारीहरू १ वर्षदेखि बिना तलब, भत्ता काम गरिरहेका छन् । तिनलाई कुनै वास्ता गर्दैन, सरकारले जिम्मेवारी बहन गर्नुपर्दैन? सरकार कति जिम्मेवार छ भनेर यसबाट देखिँदैन? म अनुरोध गर्न चाहन्छु, सरकारले त्यो तीन ओटा इकाईमा झन्डै २ सय जति

कर्मचारीहरू कार्यरत छन् । ती मान्छेको तलब, भत्ता यथाशीघ्र उपलब्ध गराओस् र उनको परिवारको लालन पालनमा ध्यान पुऱ्याओस् । यदि जिम्मेवार सरकार छ भने, जिम्मेवार छैन भने त ठट्टै गर्नुछ जे जे भने पनि हुन्छ, ठट्टै गर्नु छ भने जे जे भने पनि हुन्छ, जे जे गरे पनि हुन्छ । मान्छेलाई १ वर्षसम्म बिना चाहिँ तलब, भत्ता राख्न पाइन्छ? आफैँले खडा गरेको संरचनाहरूमा? यस्तो ठट्टा गर्न पाइन्छ? मान्छेको, नागरिकको जिन्दगीमा? यो मैले सरकारलाई अनुरोध गर्न चाहन्छु ।

अन्तमा, म के भन्न चाहन्छु भने अस्ति August ९, विश्व आदिवासी जनजाति दिवसका सन्दर्भमा हाम्रो सम्माननीय प्रधानमन्त्रीज्यूले ती आदिवासीहरूको कार्यक्रममा उहाँले भन्नुभो' मेरो पार्टीले, मैले, मेरो पार्टीले बहुमत ल्यायो भने सबै प्रदेशहरूमा पहिचानका आधारमा प्रदेशहरूको नामाकरण गरिन्छ भनेर भन्नुभो' । यो मैले कुरा बुझिरा'छैन । यो स्थिर भएर बसेको समाजलाई अस्थिर बनाउनको लागि सरकारको प्रमुख, सरकारको नेतृत्व गरिराखेको मान्छे नै उद्वेलित हुन्छ भनेपछि धरानको जातीय सद्भाव भड्कन्छ कि भड्कँदैन? त्यो प्रतिपक्षले कि सत्तापक्षले? सत्ताको पनि प्रमुख चाहिँ मान्छेले, गठबन्धनको ध्यान जाओस् । यस्तो खालको लहडमा अभिव्यक्ति दिनेलाई रोक्न सरसल्लाह गर्नुहोस्, उचित र सन्तुलित अभिव्यक्तिहरू दिने बानी बसाल्न गठबन्धनको ध्यान जाओस् । धन्यवाद ।

**<u>सम्माननीय अध्यक्ष</u>**:- माननीय राजेन्द्र लक्ष्मी गैरे । समय ६ मिनेट । त्यसपछि माननीय सुमित्रा वि.सी. ।

**(१४:०६ बजे) <u>माननीय श्री राजेन्द्र लक्ष्मी गैरे (नेपाल कम्युनिष्ट पार्टी, एकीकृत समाजवादी)</u>**:- सम्माननीय अध्यक्षज्यू, आज म एउटा पीडाका साथ, घटनाका साथ तपाईंहरूको बिचमा उपस्थित भएको छु । घटना लुम्बिनी प्रदेश बाँके जिल्ला गजुरा गाउँपालिका वडा नम्बर ७ को हो । २०८०/०२/०५ गते देखि १२ वर्षे बालिका हराइरहेकी छन् र सोही ठाउँ निवासी २५ वर्षिय समिर भाटले भगाएको भन्ने छ । बालिकाको बाबु अबदुल सलाम भाटले २०८०/०२/०७ गते बाँके खजुरा धनौली ईलाका प्रहरी कार्यालयमा जाहेरी दिएका छन् । ईलाका प्रहरी कार्यालयका प्रमुख नरेन्द्र केसीले बाबु, आमा र दिदीलाई सोधपुछ गरेको भन्ने छ । आजसम्म ती बालिका कहाँ छन्? सुरक्षित छन् कि बेचिएकी छन्? कि तिनको ज्यान छ कि छैन? पत्तो छैन । छिमेकीहरू भावविह्वल भएका छन् । बाबु, आमाहरू भावविह्वल भएका छन् । धेरै ठाउँ गुहार गरेका छन् । आजसम्म यो कुरा पत्ता लागेको छैन । र यो परिवारले

मात्रै होइन, हजारौं छोरीहरू, हजारौं चेलीहरू दिनदिनै हराएका छन् । तर यसरी हाम्रो आफ्नै गाउँ, ठाउँबाट २६ वर्षको व्यक्तिले १२ वर्षको छोरी भगाएको भनेर सुन्दा त्यहाँको प्रहरी कार्यालयले त्यो मान्छे कहाँ छ? समाएर ल्याउनुपर्छ कि पर्दैन? त्यो परिवारसँग सोधपुछ गरेर उसको छोरालाई झिकाउनुपर्छ कि पर्दैन? खुसी, राजीले गएका हुन् भने पनि १२ वर्षको छोरीको विहे त हुँदैन नि? त्यसो भएर, त्यो १२ वर्षकी छोरीलाई फर्काएर ल्याउन, परिवारको जिम्मा लगाउन र जो उसले भगाएर लगेको छ, त्यो समिर भाटलाई नियमअनुसार कारबाही गर्न म यहाँ कानुन मन्त्री पनि हुनुहुन्छ, सभाध्यक्षमार्फत कानुन मन्त्रीको, गृह मन्त्रीको ध्यान आकर्षण गर्न चाहन्छु । छिटो भन्दा छिटो पत्ता लगाई परिवार, परिवारमा बच्चालाई संरक्षण गर्नको निम्ति सरकारले ध्यान दिन म अनुरोध गर्दछु ।

र अर्को कुरा, जनतासँग जोडिएको कुरा, स्वास्थ्य बिमा वोर्डले २०८० साउन ३२ गते अवधि समयमा सम्झौता नगरेका, सम्झौता गरेर कार्यान्वयन नगरेका, नवीकरण नगरेका भनेर २६ ओटा स्थानीय स्वास्थ्य संस्थाहरूलाई सूचीबाट out गरेको छ । यसले हाम्रो लुम्बिनीका ८ ओटा स्थानीय संस्थाहरू प्रभावित भएका छन् । फत्ते बाल आँखा अस्पताल, नेपालगञ्ज मेडिकल कलेज, नेपाल कोहलपुर मेडिकल कलेज, राप्ती आँखा अस्पताल, लुम्बिनी आँखा रिसर्च सेन्टर, देवदह मेडिकल कलेज र प्रभास लुम्बिनी मेडिकल कलेज, युनाइटेड मिसन हस्पिटल । सरकारले भनेअनुसार गरेन भन्ने होला, स्थानीय संस्थाले भनेको बेलामा हाम्रो पैसा दिएन, हामीले सञ्चालन गर्न सकेनौं भन्ने छ । स्थानीय संस्थालाई पनि समस्या होला, सरकारलाई पनि समस्या होला तर आमनेपालीलाई स्वास्थ्य बिमाको हकबाट विमुख गर्न पाइन्छ कि पाइँदैन? आज लुम्बिनी मेडिकल कलेज र युनाइटेड मिसन हस्पिटल बन्द गर्दा पाल्पा, स्याङ्जा, गुल्मी, अर्घाखाँची, पर्वत, त्यसपछि दाङ, नवलपरासी, रुपन्देहीका तमाम मान्छेहरू यो ठाउँमा धेरै पहिलादेखि उपचार गर्न आउने गर्नुहुन्छ । आज त्यो सेवा वञ्चित हुँदा सरकारलाई र स्थानीय संस्थाहरू त चल्लान् तर नेपाली जनता उपचार नपाएर मर्नुपर्ने, स्वास्थ्य विमाबाट बिमुख हुनुपर्ने, यो अवस्था आएको छ । त्यसले गर्दा मार, मर्का जनतालाई परेको छ । पुनः विचार गर्न, पुनः छलफल गरेर सञ्चालनमा ल्याउन र जनतालाई राहत प्रदान गर्नको निम्ति, स्वास्थ्य बिमा लागु गर्नको निम्ति यो सरकारले स्वास्थ्य बिमा वोर्डसँग छलफल गरी कार्यान्वयनमा ल्याओस् र ती हाम्रा स्थानीय हस्पिटलहरू सञ्चालनमा आउन् र हाम्रा नेपाली जनताले औषधी उपचार पाउन् भन्ने कुरा चाहिँ म जोडदार रूपमा सभाध्यक्षमार्फत सरकारको ध्यान आकर्षण गराउन चाहन्छु ।

र अघि केही कुराहरू उठे, हामी नेपालको संविधान, २०७२ बहुभाषिक, बहुधार्मिक, बहुसांस्कृतिक, भौगोलिक विविधताका विशेषतालाई आत्मसात् गरी विविधताको बिचमा एकता,

सामाजिक, सांस्कृतिक ऐक्यबद्धता, सहिष्णुता, सद्भावको संरक्षण गर्ने लोकतान्त्रिक मुल्य, मान्यतामा आधारित समाजवादप्रति प्रतिबद्ध मुलुक, आज नेपाल, यो मुलुक कहाँ जादैं छ? हिजो हामी सबै मन्दिरहरूमा हाम्रो आस्थाको केन्द्र मान्थ्यौं, मोटा किताब बोकेर, चिल्ला झोला बोकेर छाटाकाटाका मान्छेहरू धार्मिक प्रचार गर्न आएका छन् । लामा लामा दाह्री पनि हामीले देखेका छौं । यो धर्तिमा जन्मिएका, यो धर्तिमा हुर्किएका हामी पनि धेरैलाई चिन्छौं । हामी सबै, सबै मठमन्दिरहरूलाई, सबै धर्महरूलाई हामीले, नेपालीहरूले जहाँ गए पनि पाति निमोठेर चढाउनेनै गरेका हौं । हाम्रो सबैसँग उत्तिकै माया छ, उत्तिकै सम्मान छ । हामी एउटा जातिको हुँला तर हाम्रो समुदाय विभिन्न ...... (समय सकिएको ।)

**सम्माननीय अध्यक्ष**ः- माननीय सुमित्रा वि.सी. । समय ७ मिनेट । त्यसपछि माननीय नारायण दत्त मिश्र ।

(१४:१२ बजे) **माननीय श्री सुमित्रा वि.सी. (नेपाल कम्युनिष्ट पार्टी, एमाले)**ः- सम्माननीय सभाध्यक्षज्यू, म आज, ढिलो गरी चलेको सदन, यो विशेष समयमा समसामायिक कुराहरूको बारेमा आफ्ना भनाइहरू राख्न चाहन्छु । कर्णाली प्रदेशमा हवाई यातायात बन्द भएको धेरै भइसक्यो । स्थल मार्गहरूमा पनि बाढी, पहिरोले गर्दाखेरि बसहरू, यातायातहरू नचल्ने र कमै चल्ने र ढिलो चल्ने भ'को कारणले त्यहाँका जनताहरूको जिवनस्तर अस्तव्यस्त छ । र खाद्यान्न सङ्कट हुन सुरू भइसकेको छ र खाद्यान्न ओसार, पसार पार्ने साधनहरू छैन । यतातिर सरकारको ध्यान जाओस् भन्ने म अनुरोध गर्न चाहन्छु ।

र हरेक क्षेत्रमा अस्तव्यस्त छ । कहाँबाट कुरा सुरू गर्ने यो पनि अलि अलमल भइरहेको छ । भ्रष्टाचार, महङ्गी, हिंसा, बलात्कार, हत्या र यो राजनीतिक, यो धार्मिक द्वन्द्व पनि सुरू हुन थालिसकेको छ । देशमा विभिन्न रोगहरूले, डेङ्गुलगायतका रोगहरूले १६ हजार जनताहरू सङ्क्रमित छन्, १६ सय जनता, नागरिक सङ्क्रमित छन्, १२ जनाको मृत्यु भइसकेको छ । र यसलाई बेलैमा बढी क्षति हुन नदिनका निम्ति सरकारको ध्यान जाओस् भन्ने म चाहन्छु । र माग गर्न चाहन्छु ।

यहाँ थुप्रै कुराहरू उठिसकेका छन् । प्रतिपक्ष र सदन, मलाई लाग्छ माननीयहरूले नबुझ्नुभ'को होइन । बुझिरहनुभ'को छ । बुझी बुझी बुझ पचाएपछि हाम्रो भन्नु केही छैन । देशमा कुनै घटना घट्छ र त्यसको छानबिन गरौं र सत्यतथ्य पत्ता ला'ई दोषीलाई उम्किन नदिऊँ र निर्दोषलाई नपारौं भनेर भन्नु प्रतिपक्षको के कमजोरी हुन सक्छ? र यहाँहरूको भनाइ

CIB ले चाहिँ छानबिन गऱ्या छ, त्यसलाई भरोसा गर्नुपऱ्यो । स्वाभाविक रूपले हाम्रै राज्यभित्रको संयन्त्र हो । त्यसलाई भरोसा गरिन्छ तर कतिसम्म गर्ने? यहाँहरू आआफ्नो पार्टीलाई पनि एकचोटि स्मरण गर्नुहोस् । आफ्नो अध्यक्षको गल्ती देख्नुभो' भने कतिसम्म यहाँहरूले सच्याउन सक्नुहुन्छ? अथवा आलोचना गर्न सक्नुहुन्छ? त्यसकारणले सरकारका प्रधानमन्त्रीका थुप्रै कमी कमजोरी देख्दादेख्दै हामी के गर्न सकिरहेका छौं? बोलेका छौं? र त्यस्तै CIB ले आफ्नै, आफूदेखि माथिको गृह मन्त्रालयका मन्त्रीका बारेमा केही भन्न सक्ने छैन, त्यसकारणले त्यो भन्दा माथिल्लो स्तरको उच्चस्तरको न्यायिक जाँचबुझ आयोग बनाउ भन्नु के प्रतिपक्षको कमजोरी थियो? यो आयोग बनाउँदा के बिग्रिहाल्थ्यो? र प्रतिपक्षले यो आयोग बनाउनका निम्ति साउन १० देखि आजका दिनसम्म अलमल गर्नुपऱ्यो? त्यसकारणले यो सदन बन्द भएको प्रतिपक्षको कारणले होइन, सत्ता गठबन्धनकै कारणले हो भन्ने हाम्रो बुझाइ छ ।

र यो महङ्गीले आक्रान्त भइरहेको, रोजगारी नपाइरहेको र जलवायु परिवर्तनका कारणले देशमा विभिन्न बाढी, पहिरोले दिनदिनै धनजनको ठुलो क्षति भइरहेको बारेमा सरकार चिन्तित छैन । र प्रतिपक्षले संविधान मिचेर सरकार भङ्ग गऱ्यो भन्ने माननीयज्यूहरू कहिले छुटाउनुहुन्न तर सरकार टिकाइरहनका निम्ति त्यो कोशीको सरकार हामी भर्खरै देखिरहेका छौं । के यो संविधानसँगत छ? त्यसकारणले भन्न जति सजिलो हुन्छ, गर्न अलि गाह्रै हुने हुन्छ ।

र यो बाढी, पहिरोबाट जुन विस्थापित, कतिका घर विस्थापित भए, धनजनको क्षति भयो । यसलाई सरकारले क्षतिपूर्ति, उचित क्षतिपूर्ति दिओस् । र यो गृह मन्त्रालय, आज हिरासतमा रहेका नेपाली महिलाहरू बलात्कृत भएका छन् । गृह मन्त्रालय कहाँ छ? यसको बारेमा सदनलाई जानकारी दिन म अनुरोध गर्न चाहन्छु ।

र यहाँ अघि कुरो उठिसकेको छ । यो स्टाफ नर्सको बारेमा मलाई के लागिरहेको छ भने स्वाभाविक रूपले यहाँ सञ्चालन भएका स्टाफ नर्स पढ्ने कलेजहरू बन्द गर्ने, अनि अलिअलि भएकाहरूलाई अर्को देश पठाउनका निम्ति सम्झौता गर्ने र प्रत्येक विद्यालयहरूमा एक जना नर्स पठाउँछौं भन्नु यो अलिकति सान्दर्भिक छैन । यसका बारेमा सोचियोस् र स्टाफ नर्स कलेजहरू पुनः सञ्चालन गर्नका निम्ति सरकारले व्यवस्था गरोस् भन्ने म माग गर्न चाहन्छु ।

र यो कोशीको सद्भाव कायम गर्नका निम्ति सम्पूर्ण नेपालीहरूलाई हामी जातीय कुरा भन्दा वर्गीय कुरालाई बढी प्राथमिकता दिने भ'कै कारणले हामी जातका पछाडि नलागौं र देशमा यो कानुनी राज्यमा ..... । धन्यवाद । (समय सकिएको ।)

**सम्माननीय अध्यक्ष**:- माननीय नारायण दत्त मिश्र । समय ७ मिनेट ।

(१४:२० बजे) **माननीय श्री नारायण दत्त मिश्र (नेपाली काँग्रेस)**:- सम्माननीय अध्यक्ष महोदय, सदनको अवरोध हटेको छ । अल्पसङ्ख्यक, सङ्ख्यकले सदन अवरोध गर्ने काम लोकतन्त्रको परिभाषाभित्र अटाउँछ कि अटाउँदैन? पटक पटकको अवरोधले अन्य उपलब्धिहरू हुन सक्छन् कि सक्दैनन्?

(१४:२१ बजे) **पुनः पीठासीन**:- सम्माननीय अध्यक्ष गणेश प्रसाद तिमिल्सिना ।

**माननीय श्री नारायण दत्त मिश्र (नेपाली काँग्रेस)**:- यसरी संसद अवरुद्ध गर्दा लोकतन्त्र कमजोर हुन सक्छ, न्याउरी मारी पछुतो हुन सक्छ । न्याउरीको मुखमा रगत देखेपछि यो न्याउरीले मेरै छोरालाई मार्‍यो होला भन्ने शङ्काको भरमा न्याउरीको हत्या उसको बाबुले गर्‍यो । भित्र हेर्दा त सर्प पो मारेको रहेछ । त्यसकारणले अब यसरी न्याउरी मार्दाखेरि फेरि सर्प घरभित्र पस्न सक्छ, सर्पले उपद्रो मचाउन सक्छ । जुम्राको रिसले थाङ्नु जलाउने कुरा राम्रो हुँदैन । काण्डका कुराहरू गर्ने हो भने, काण्डका कुराहरू गर्ने हो भने कति काण्डको कुरा गर्ने? पञ्चायत कालका काण्ड खोइ? कार्पेट काण्ड, सर्पको छाला काण्ड, वन फँडानी काण्ड, कालो हिरोइन काण्ड, जनमत सङ्ग्रह धाँधली काण्ड, नमिता-सुमिता हत्या काण्ड, मुर्ति चोरी काण्ड, रामराजा प्रसाद सिंहको नाममा डे ला अन्नपूर्ण होटलमा विस्फोटको काण्ड, स्वीस बैङ्कको खाता, प्रतिष्ठित मारवाडी घरानासँग मिलेर गरेका कामहरू, बहुदलपछि पनि काण्ड छन् । हरिसिद्धि ईंटा टायल कारखाना जग्गा काण्ड, भृकुटी कागज कारखाना जग्गा काण्ड, छाला जुत्ता कारखानाको हाल सहिद गंगालाल हृदयकेन्द्रको दश रोपनी जग्गा कुन group हो? कसले हो? बाल सङ्गठनको जग्गा मिचेको र बच्चा बेचेको आरोपका फेहरिस्तहरू बहुदलीय कालका पनि छन् । गणतन्त्र कालमा cantonment काण्डबाट सुरु हुन्छ । Wide body काण्ड, Narrow body काण्ड, कोरोनाविरुद्धको vaccine खरिद काण्ड, Nepal trust को जग्गा हिनामिना काण्ड, ओम्नी काण्ड, यती काण्ड, सुन्दरीजल गोकर्ण रिसोर्ट काण्ड, अब यो ७० करोडको कुरा त के हो, थाहा छैन । यो गिरीबन्धु टी स्टेटको कुरा पनि ल्याईंदै छ । TV मा चर्का चर्का कुराहरू सुनिएका छन् । यसरी विभिन्न काण्डहरू यो देशमा घटेका छन् ।

मलाई पञ्चायतकालमा, एक जना बुढा राष्ट्रिय पञ्चायतका सदस्य थिए । सायद चन्द्रबहादुर बुढा तिनको नाम हो । तिनले अब माननीयको झोला त कसैले हेर्दैन होला भन्ने

लागेर तिनले airport बाट अर्काको भरिया भएर सुन बोक्न गएका रहेछन्, सुन पक्डियो । अब यसको बचाउ कसरी गर्ने? अनि भनेर उनी चन्द्रबहादुरले आफ्नो जिल्लाको एक ठाउँमा भाषण गरेछन् । के गर्ने, सुर्खेत या दैलेखका हुन् चन्द्रबहादुर बुढा, म अलि confuse मा छु । र त्यहाँ भाषण गरेछन् उनले । के गर्ने छोरी बुहारीको नाकमा कसैको नाकमा पित्तल, कसैको नाकमा पित्तलको फुली, कसैको कानमा चाँदीको ढुङ्ग्री देख्या थिएँ । कम से कम अलिकति सुन त लगेर जाऊँ, कहीँ छोरी बेटीहरूको नाकमा सुन लगाइदिउँला भन्ने ठानेको airport मै समात्दियो भनेर उनले आफ्नो बचाउ जिल्लामा गरेको कुराहरू पनि छन् । सुन तस्करी काण्डबाट छुट्कारा पाउने उपाय छ । मैले त्यो उपाय सम्माननीय अध्यक्ष महोदय, म एउटा उपाय सुझाउन चाहन्छु । सधैं सुनमा भन्सार बढाइराख्ने अनि तस्करी भयो भन्ने । त्यो तस्करी गराउनको लागि सुनमा हामी भन्सार बढाउँछौं कि? सुनको भन्सार घटाइदिऊँ, तस्करी आफैं हट्छ । सुनको भन्सार कम गर्नासाथ भारतभन्दा नेपालमा सुन सस्तो हुनासाथ पर्यटकको पनि घुइँचो लाग्छ । पशुपतिमा दर्शन गर्ने मान्छेले पशुपतिको जात्रा सिद्राको व्यापार भन्थे, त्यस्तै यहाँबाट २/३ तोलाको सिक्री, २/३ तोलाको हातमा गरिकन यत्रो सुन हामीकहाँबाट बिक्री हुन्छ कि भारतसँगको व्यापारिक घाटा पनि कम हुने सम्भावना मैले देखेको छु ।

तसर्थ, आयोग र प्रतिवेदनको कुरा त के गर्नु? म दुइटा आयोगको कुरा जान्दछु- मल्लिक आयोग, लाल आयोग । अरू पनि कति आयोग, आयोग गठन भए । मन्त्रालयका दराजमा ती आयोगका रिपोर्टहरू शोभाको रूपमा बसेका होलान्, अझ कतिपय त किराको आहार भइसकेका होलान् । सार्वजनिक गर्ने हिम्मत सरकारमा नभएर हो कि किन ती रिपोर्टहरू अहिलेसम्म सार्वजनिक हुँदैन? अब यहाँ यो म अङ्ग्रेजी पनि धेरै राम्रो जान्दिनँ । अङ्ग्रेजीमा एउटा भनाइ छ, if you do not convince them, then confuse them. सबै यी जम्मै कामहरू confuse गर्नको लागि हुन् कि? भन्ने मलाई लाग्छ । (मैले फेरि यहाँ कति मिनेट पो भो' मेरो?)

मेरो धानको मूल्यको कुरा छ । धानको मूल्य तोकिएको छ, स्वागतयोग्य छ । तर असोजको महिनामा धानको काँटा खुलेन भने त्यो धानको मूल्य त्यो पुषमा काँटा खोल्नु भनेको धानको मूल्य व्यापारीलाई दिने, किसानलाई नदिने, किसानले त्यो धान बेचेर मल किन्नेसम्म पनि किसानको हैसियत नहुने, तसर्थ असोजको महिनामा सरकारले प्रत्येक गाउँपालिकामा धानको काँटा लगाओस् । (यदि सम्माननीय अध्यक्षज्यूले चाहनुहुन्छ भने म एक/दुई वटा कुरा, यो साउनको महिनामा बोल्न छुटे मेरा दुइटा कुरा) ।

एउटा कुरा- माथि पहाडका ७ जिल्ला बन्द भए । ५ दिनसम्म बाटो बन्द भो' । अर्को कुरा भारतले बनाएको गिरिजापुरी बाँध र अहिले हामीले बनाएको यो हुलाकी सडकको कारणले जोशीपुर र यो भजनीमा यत्रो बाढी पीडित भए । त्यसकारणले त्यो हुलाकी सडकमा कम से कम ठाउँ ठाउँ ज्यादा त्यसको वहाव दिने ज्यादा ठाउँमा canal बनाउने काम मात्र हामीले गरिदियौं भने यो धेरै ..... हुन्छ । र गिरिजापुरी बाँधको कुरा त अब त्यो त्यसले त कति नोक्सान गऱ्या छ, हामीलाई विभिन्न नोक्सानहरू भएको छन् । म समय भए अर्को ..... (समय सकिएको) ।

(१४:२८ बजे) **सम्माननीय अध्यक्ष**:- माननीय सदस्यहरू, विशेष समयमा माननीय सदस्यहरूले बोल्ने क्रम यहीं समाप्त हुन्छ ।

माननीय सदस्यहरू, राष्ट्रपतिको कार्यालयबाट विधेयक प्रमाणीकरणसम्बन्धी पत्र, मन्त्रिपरिषद्को गठनसम्बन्धी पत्र र प्रधानमन्त्रीको कार्यभार तोकिएको सम्बन्धी पत्रहरू प्राप्त हुन आएका छन्, अब म उक्त पत्रहरूको बेहोरा क्रमशः जानकारी गराउँदछु ।

विषयः- विधेयक प्रमाणीकरण गरी पठाइएको ।

सम्माननीय राष्ट्रपति रामचन्द्र पौडेलज्यूबाट नेपालको संविधानको धारा ११३ को उपधारा (२) बमोजिम प्रमाणीकरण भएको देहायबमोजिमको विधेयकको प्रमाणीकृत प्रति थान १ (एक) यसैसाथ संलग्न गरी पठाइएको बेहोरा अनुरोध गर्दछु ।

| क्र.सं. | विधेयकको नाम | प्रमाणीकरण मिति |
|---|---|---|
| १. | मुलुकी संहितासम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने विधेयक, २०८० | २०८०/०४/१२ |

(डिल्ली राम शर्मा)
सचिव
२०८०/०४/१२

क. विषयः- मन्त्रिपरिषद्को गठन सम्बन्धमा ।

सम्माननीय राष्ट्रपति रामचन्द्र पौडेलज्यूले प्रधानमन्त्री पुष्पकमल दाहाल "प्रचण्ड"ज्यूको नेतृत्वमा संवत् २०७९/०९/११ गते गठित मौजुदा मन्त्रिपरिषद्मा नेपालको संविधानको धारा

७६ को उपधारा (९) बमोजिम सम्माननीय प्रधानमन्त्रीज्यूको सिफारिसमा संवत् २०८०/०४/२९ गते देहायबमोजिमको मन्त्रिपरिषद् गठन गरी नियुक्ति, हेरफेर र कार्य विभाजन गर्नुभएको बेहोरा सादर अनुरोध गर्दछु ।

| क्र.सं. | नाम, थर | पद | कार्यविभाजन |
|---|---|---|---|
| १. | श्री पुष्पकमल दाहाल "प्रचण्ड" | प्रधानमन्त्री | |
| २. | श्री पूर्णबहादुर खड्का | उपप्रधानमन्त्री | रक्षा |
| ३. | श्री नारायणकाजी श्रेष्ठ | उपप्रधानमन्त्री | गृह |
| ४. | डा. बेदुराम भुसाल | मन्त्री | कृषि तथा पशुपन्छी विकास |
| ५. | श्री धनराज गुरूङ | मन्त्री | कानुन, न्याय तथा संसदीय मामिला |
| ६. | श्री अशोककुमार राई | मन्त्री | शिक्षा, विज्ञान तथा प्रविधि |
| ७. | श्री शरतसिंह भण्डारी | मन्त्री | श्रम, रोजगार तथा सामाजिक सुरक्षा |
| ८. | डा. प्रकाशशरण महत | मन्त्री | अर्थ |
| ९. | श्री महिन्द्र राय यादव | मन्त्री | खानेपानी |
| १०. | श्री शक्तिबहादुर बस्नेत | मन्त्री | उर्जा, जलस्रोत तथा सिँचाइ |
| ११. | श्री नारायण प्रकाश साउद | मन्त्री | परराष्ट्र |
| १२. | श्री रेखा शर्मा | मन्त्री | सञ्चार तथा सूचना प्रविधि |
| १३. | श्री मोहनबहादुर बस्नेत | मन्त्री | स्वास्थ्य तथा जनसङ्ख्या |
| १४. | श्री सुदन किराती | मन्त्री | संस्कृति, पर्यटन तथा नागरिक उड्डयन |
| १५. | श्री प्रकाश ज्वाला | मन्त्री | भौतिक पूर्वाधार तथा यातायात |
| १६. | श्री रञ्जिता श्रेष्ठ | मन्त्री | भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण |
| १७. | श्री रमेश रिजाल | मन्त्री | उद्योग, वाणिज्य तथा आपूर्ति |
| १८. | श्री सिता गुरुङ | मन्त्री | शहरी विकास |

| | | | |
|---|---|---|---|
| १९. | श्री डिगबहादुर लिम्बु | मन्त्री | युवा तथा खेलकुद |
| २०. | श्री सुरेन्द्रराज आचार्य | मन्त्री | महिला, बालबालिका तथा ज्येष्ठ नागरिक |
| २१. | श्री वीरेन्द्रप्रसाद महतो | मन्त्री | वन तथा वातावरण |
| २२. | श्री अनिता देवी | मन्त्री | सङ्घीय मामिला तथा सामान्य प्रशासन |
| २३. | श्री सुशीला सिर्पाली ठकुरी | राज्यमन्त्री | संस्कृति, पर्यटन तथा नागरिक उड्डयन |
| २४. | श्री नन्दा चपाई | राज्यमन्त्री | भौतिक पूर्वाधार तथा यातायात |
| २५. | श्री प्रमिला कुमारी | राज्यमन्त्री | शिक्षा, विज्ञान तथा प्रविधि |

(डिल्लिराम शर्मा)
सचिव
मितिः २०८०/०४/३०

ख. विषयः- कार्यभार तोकिएको सम्बन्धमा ।

सम्माननीय राष्ट्रपति रामचन्द्र पौडेलज्यूबाट सम्माननीय प्रधानमन्त्री पुष्पकमल दाहाल "प्रचण्ड"ज्यू संयुक्त राष्ट्रसंघीय खाद्य तथा कृषि संगठनको मुख्यालय इटलीको रोममा आयोजना हुने युनाइटेड नेशन्स फूड सिस्टम्स् टु थाउजेन्ट ट्वेन्टी श्री स्टकटेकिङ्ग मोमेन्टमा नेपाली प्रतिनिधि मण्डलको नेतृत्व गर्दै सहभागी हुन संवत् २०८० साउन ६ गते शनिवार त्यसतर्फ प्रस्थान गर्नुहुने भएकोले वहाँको अनुपस्थितिमा प्रधानमन्त्रीले गर्नुहुने दैनिक प्रशासनिक कार्य नेपालको संविधानबमोजिम सम्माननीय प्रधानमन्त्रीज्यूको सिफारिसमा माननीय उपप्रधानमन्त्री एवं रक्षा मन्त्री पूर्ण बहादुर खड्काज्यूले सम्हाल्ने गरी तोक्नुभएको बेहोरा अनुरोध गर्दछु ।

(डिल्ली राम शर्मा)
सचिव
२०८०/०४/०६

माननीय सदस्यहरू, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट मन्त्रिपरिषद् सदस्यको कार्यभार तोकिएको सम्बन्धी पत्रहरू प्राप्त हुन आएका छन्, अब म उक्त पत्रहरूको बेहोरा क्रमशः जानकारी गराउँदछु ।

विषयः कार्यभार तोकिएको सम्बन्धमा।

माननीय स्वास्थ्य तथा जनसङ्ख्या मन्त्री मोहन बहादुर बस्नेत व्यक्तिगत कामको सिलसिलामा मिति २०८०/०३/२९ मा बेलायततर्फ प्रस्थान गर्नुभएकोले उहाँको अनुपस्थितिमा उहाँले सम्हाल्दै आउनुभएको स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयको कार्यभार सम्मानननीय प्रधानमन्त्रीज्यूबाट माननीय कानुन, न्याय तथा संसदीय मामिला मन्त्री धनराज गुरूङले सम्हाल्ने गरी तोक्नुभएको बेहोरा अनुरोध गर्दछु ।

माननीय परराष्ट्र मन्त्री नारायण प्रकाश साउद थाइल्याण्डको बैङ्ककमा आयोजना हुने बिमस्टेक परराष्ट्र मन्त्रीहरूको रिट्रिटमा भाग लिन मिति २०८०/०३/३१ मा त्यसतर्फ प्रस्थान गर्नुहुने भएकाले उहाँको अनुपस्थितिमा उहाँले सम्हाल्दै आउनुभएको परराष्ट्र मन्त्रालयको कार्यभार सम्माननीय प्रधानमन्त्रीज्यूबाट माननीय कानुन, न्याय तथा संसदीय मामिला मन्त्री धनराज गुरुङले सम्हाल्ने गरी तोक्नुभएको बेहोरा अनुरोध गर्दछु ।

माननीय अर्थ मन्त्री डा. प्रकाशशरण महत भारतको गुजरातमा आयोजना हुने भारतलगायत विश्वका अन्य विकसित र विकासशील मुलुकहरूको समूह जि ट्वान्टी को तेस्रो अर्थ मन्त्रीस्तरीय बैठकमा सहभागी हुन मिति २०८०/०३/३१ मा त्यसतर्फ प्रस्थान गर्नुहुने भएकाले उहाँको अनुपस्थितिमा उहाँले सम्हाल्दै आउनुभएको अर्थ मन्त्रालयको कार्यभार सम्माननीय प्रधानमन्त्रीज्यूबाट माननीय कानुन, न्याय तथा संसदीय मामिला मन्त्री धनराज गुरूङले सम्हाल्ने गरी तोक्नुभएको बेहोरा अनुरोध गर्दछु ।

माननीय वन तथा वातावरण मन्त्री वीरेन्द्रप्रसाद महतो निजी कामको सिलसिलामा संवत् २०८० साउन ५ गते भारतको नयाँदिल्ली जानुहुने भएकोले उहाँको अनुपस्थितिमा उहाँले सम्हाल्दै आउनुभएको वन तथा वातावरण मन्त्रालयको कार्यभार सम्माननीय प्रधानमन्त्रीज्यूबाट माननीय शिक्षा ,विज्ञान तथा प्रविधि मन्त्री अशोककुमार राईले सम्हाल्ने गरी तोक्नुभएको बेहोरा अनुरोध गर्दछु ।

माननीय कृषि तथा पशुपन्छी विकास मन्त्री डा. बेदुराम भुसाल इटालीको रोममा आयोजना हुने युनाइटेड नेशन्स फूड सिस्टम टु थाउजेन्ट ट्वेन्टी थ्री स्टकटेकिङ्ग मोमेन्ट कार्यक्रममा सम्माननीय प्रधानमन्त्रीज्यूले नेतृत्व गर्नुहुने प्रतिनिधिमण्डलको सदस्यको रूपमा सहभागी हुन संवत् २०८० साल साउन ६ गते त्यसतर्फ प्रस्थान गर्नुहुने भएकाले उहाँको अनुपस्थितिमा उहाँले सम्हाल्दै आउनुभएको कृषि तथा पशुपन्छी विकास मन्त्रालयको कार्यभार सम्माननीय

प्रधानमन्त्रीज्यूबाट माननीय उपप्रधानमन्त्री एवं गृह मन्त्री नारायणकाजी श्रेष्ठले सम्हाल्ने गरी तोक्नुभएको बेहोरा अनुरोध गर्दछु ।

माननीय भौतिक पूर्वाधार तथा यातायात मन्त्री प्रकाश ज्वाला जापानमा आयोजना हुने जापान इनटरनेशनल कोपरेसन एजेन्सी (जाइका) अफिसियलसँगको उच्चस्तरीय बैठकमा सहभागी हुन संवत् २०८० साल साउन ७ गते त्यसतर्फ प्रस्थान गर्नुहुने भएकाले उहाँको अनुपस्थितिमा उहाँले सम्हाल्दै आउनुभएको भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयको कार्यभार सम्माननीय प्रधानमन्त्रीज्यूबाट माननीय सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्री अमनलाल मोदीले सम्हाल्ने गरी तोक्नुभएको बेहोरा अनुरोध गर्दछु ।

(बैकुण्ठ अर्याल)
मुख्यसचिव
२०८०/०४/०५

माननीय ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्री शक्ति बहादुर बस्नेत संयुक्त अरब इमिरेट्सको अबुधावीमा हुने अन्तर्राष्ट्रिय सौर्य गठबन्धन (आई.एस.ए.) को क्षेत्रीय समितिको पाचौं बैठकमा सहभागी हुन संवत् २०८० साल साउन ७ गते त्यसतर्फ प्रस्थान गर्नुभएकोले उहाँको अनुपस्थितिमा उहाँले सम्हाल्दै आउनुभएको ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयको कार्यभार माननीय कार्यवाहक प्रधानमन्त्रीज्यूबाट माननीय उपप्रधानमन्त्री एवं गृह मन्त्री नारायणकाजी श्रेष्ठले सम्हाल्ने गरी तोक्नुभएको बेहोरा अनुरोध गर्दछु ।

(बैकुण्ठ अर्याल)
मुख्यसचिव
२०८०/०४/०७

माननीय कानुन, न्याय तथा संसदीय मामिला मन्त्री धनराज गुरूङ संयुक्त राज्य अमेरिकाको शिकागोमा नन् रेसिडेन्ट नेपाली एसोसिएसन नेसनल कोअर्डिनेशन काउन्सिल (एनआरएन-अमेरिका) को १२ औं वार्षिक साधारण सभामा प्रमुख अतिथिको रूपमा सहभागी हुन संवत् २०८० साल साउन १२ गते त्यसतर्फ प्रस्थान गर्नुभएकोले उहाँको अनुपस्थितिमा उहाँले सम्हाल्दै आउनुभएको कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालयको कार्यभार सम्माननीय प्रधानमन्त्रीज्यूबाट माननीय उपप्रधानमन्त्री एवं रक्षा मन्त्री पूर्णबहादुर खड्काले सम्हाल्ने गरी तोक्नुभएको बेहोरा अनुरोध गर्दछु ।

(बैकुण्ठ अर्याल)

मुख्यसचिव

२०८०/०४/१२

माननीय शिक्षा, विज्ञान तथा प्रविधि मन्त्री अशोककुमार राई चीनको कुनमिङमा सञ्चालन हुने सेवेन्थ चाइना साउथ एसिया एक्सपो र ट्वान्टि सेवेन्थ चाईना (कुनमिङ) इम्पोर्ट एण्ड एक्स्पोर्ट फेयर एण्ड फोर्थ एस.टी.आई फोरम विषयक कार्यक्रममा सहभागी हुन संवत् २०८० साल साउन २९ गते त्यसतर्फ प्रस्थान गर्नुहुने भएकोले उहाँको अनुपस्थितिमा उहाँले सम्हाल्दै आउनुभएको शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयको कार्यभार सम्माननीय प्रधानमन्त्रीज्यूबाट माननीय कानुन, न्याय तथा संसदीय मामिला मन्त्री धनराज गुरूङले सम्हाल्ने गरी तोक्नुभएको बेहोरा अनुरोध गर्दछु ।

(बैकुण्ठ अर्याल)

मुख्यसचिव

२०८०/०४/२९

माननीय स्वास्थ्य तथा जनसङ्ख्या मन्त्री मोहन बहादुर बस्नेत भारतमा आयोजना हुने "मिनिस्टेरियल मिटिङ्ग-सस्टेन एसिलिरेट एण्ड ईनोभेट टु इन्ड टि.बी. इन साउथ इस्ट एसिया रिजन" सम्मेलनमा भाग लिन संवत् २०८० साउन ३० त्यसतर्फ प्रस्थान गर्नुहुने भएकोले उहाँको अनुपस्थितिमा उहाँले सम्हाल्दै आउनुभएको स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयको कार्यभार सम्माननीय प्रधानमन्त्रीज्यूबाट माननीय परराष्ट्र मन्त्री नारायण प्रकाश साउदले सम्हाल्ने गरी तोक्नुभएको बेहोरा अनुरोध गर्दछु ।

(बैकुण्ठ अर्याल)

मुख्यसचिव

२०८०/०४/३०

माननीय अर्थ मन्त्री डा. प्रकाशशरण महत क्यानडाको भ्यानकुभरमा आयोजना हुने विश्व वातावरण सुविधाको सातौं सभा तथा सम्बन्धित बैठकहरूमा सहभागी हुन संवत् २०८० साल भदौ ३ गते त्यसतर्फ प्रस्थान गर्नुभएकोले उहाँको अनुपस्थितिमा उहाँले सम्हाल्दै आउनुभएको अर्थ मन्त्रालयको कार्यभार सम्माननीय प्रधानमन्त्रीज्यूबाट माननीय कानुन, न्याय तथा संसदीय मामिला मन्त्री धनराज गुरूङले सम्हाल्ने गरी तोक्नुभएको बेहोरा अनुरोध गर्दछु ।

(बैकुण्ठ अर्याल)

मुख्यसचिव

२०८०/०५/०५

माननीय सदस्यहरू, अब म विधायन व्यवस्थापन समितिका माननीय सभापति जयन्ती देवी राईलाई "संविधानअनुसार बन्न बाँकी कानुनहरूको अध्ययन प्रतिवेदन, २०८०" र "विधायान व्यवस्थापन समितिको निर्देशन, सुझाव, कार्यान्वयनको अनुगमन तथा मूल्याङ्कन, अध्ययन प्रतिवेदन, २०८०" सभासमक्ष पेस गर्न समय उपलब्ध गराउँछु ।

(१४:३७ बजे) **विधायन व्यवस्थापन समितिका माननीय सभापति श्री जयन्ती देवी राई**:- सम्माननीय अध्यक्ष महोदय, विधायन व्यवस्थापन समिति, राष्ट्रिय सभातर्फ विधेयक व्यवस्थापनसँग सम्बन्धित कार्य गर्ने एक मात्र समिति हुनुका नाताले कानुन निर्माण प्रक्रियासँग सम्बन्धित फोकल समिति सरह क्रियाशील छ । समग्र विधेयक व्यवस्थापनका अलावा समितिले आफ्नो कार्यक्षेत्रका विषयमा केही थप अध्ययन, अनुसन्धान गर्दै आवश्यक देखिँदा सम्बन्धित निकायलाई निर्देशन दिने वा सुझाव सिफारिस गर्ने कार्यहरू पनि गर्दै आएको छ । समितिले अध्ययन गरी तयार गरेका दुई ओटा प्रतिवेदन आज सभासमक्ष पेस गर्न गइरहेको छु ।

नेपालको संविधान जारी भएको करिब आठ वर्ष पूरा हुन लाग्दा पनि कानुनको अभावमा कतिपय संविधानप्रदत्त हकको प्रचलन हुन नसकेको लगायतका देखिएका समस्याका सन्दर्भमा समितिले संविधानअनुसार बन्न बाँकी कानुनहरूको अध्ययन गरी प्रतिवेदन पेस गर्ने र तत्सम्बन्धमा विधेयक तर्जुमा गर्न सम्बन्धित निकायलाई सुझाव सिफारिस गर्ने अभिप्रायले समितिका माननीय सदस्य अनिता देवकोटाको संयोजकत्वमा अध्ययन उपसमिति गठन गरी प्रस्तुत अध्ययन थियो । उक्त उपसमितिले समितिमा प्रतिवेदन पेस गरे पश्चात् त्यसमाथि थप कार्य गरी परिमार्जनसहित पारित गरेको हो ।

सम्माननीय अध्यक्ष महोदय, नेपालको संविधान जारी हुँदा राजनीतिक परिवर्तनलाई संस्थागत गर्दै केही नवीन मान्यतालाई आत्मसात् गरेको छ । शासकीय संरचनालाई तीन तहमा विभाजन गरेसँगै तीनवटै तहबाट राज्यशक्तिको प्रयोग हुने गरी संविधानले प्रबन्ध गरेको छ । र संविधानप्रदत्त हकको प्रचलन गर्नका लागि आवश्यक अन्य कानुनी प्रबन्ध हुन नसकेसम्म ती कार्यान्वयन हुन सक्दैन ।

हुन त यति नै कानुन भएपछि संविधान पूर्णरूपमा कार्यान्वयन हुने भन्ने होइन, समाज विकास र सामाजिक व्यवहार, सूचना प्रविधिको विकास, अन्तर्राष्ट्रिय मुद्दाहरू जस्ता विषयले निरन्तर थप कानुनको पनि आवश्यकता पर्ने हुन्छ नै । यो अध्ययन भने आधारभूत रूपमा बन्नै पर्ने कानुनका सम्बन्धमा केन्द्रित छ ।

प्रस्तुत अध्ययनबाट संवैधानिक प्रबन्धहरूलाई कार्यान्वयन गर्न कम्तीमा एक सय एकासी ओटा कानुनहरू तर्जुमा गर्नुपर्ने पहिचान भएकोमा संघको क्षेत्राधिकारका एक सय एकाउन्न ओटा रहेका छन् भने प्रदेशहरूका चौबिस र स्थानीय तहका छ ओटा देखिएका छन् । संघको क्षेत्राधिकारका एक सय एकाउन्नमध्ये चालिस ओटा कानुनहरू तत्काल नयाँ निर्माण र संविधान अनुकूल बनाउनु पर्ने प्रकृतिका देखिएका छन् । ती चालिसवटै कानुन अविलम्ब निर्माण गर्न प्रतिवेदनले सिफारिस गरेको छ ।

अध्ययनले संविधानमा कानुन निर्माण गर्नुपर्ने भनी स्पष्ट किटान गरेका विषयबाहेक कतिपय प्रबन्धको पूर्णताका लागि कानुनको आवश्यकता पर्ने विषयहरूसमेत औंल्याएको छ । त्यस्तै विधायन व्यवस्थापन सम्वद्ध अन्य केही सुझाव पनि यसमा सिफारिस गरिएको छ ।

सम्माननीय अध्यक्ष महोदय, संविधान अनुरूपका कानुनहरू बन्न नसक्दा देखिएका केही समस्याहरूलाई यहाँ उल्लेख गर्नु सान्दर्भिक हुन्छ । उदाहरणका रूपमा संघीय निजामती सेवा कानुनलाई लिन सकिन्छ । संघीय निजामती सेवा कानुन बन्न नसकेका कारण सरकारी सेवाको गठन एवं सञ्चालनसँग जोडिएका आधा दर्जनभन्दा बढी कानुनहरू अलमलमा परेका छन् । त्यस्तै अवस्था शिक्षासम्बन्धी कानुनको पनि छ । यस्ता धेरै विषयहरूलाई प्रतिवेदनले हेरी विवेचना गर्ने प्रयत्न गरेको छ ।

त्यस्तै अध्ययनले हरेक विषयपिच्छे नयाँ-नयाँ कानुनको निर्माण गरी सङ्ख्या बढाउने भन्दा पनि एकै प्रकृतिका कानुनहरू एकै संग्रहमा व्यवस्थित गरी स्मार्ट बनाउनेतर्फ जोड दिनुपर्ने कुराको सिफारिस गरेको छ । उदाहरणका लागि जग्गा प्राप्ति, अधिग्रहण र क्षतिपूर्तिसम्बन्धी कानुनहरूलाई, हरेक विश्विवद्यालयपिच्छे रहेका कानुनहरूलाई, चिकित्सा शिक्षा अध्ययनसँग सम्बन्धित सबै संस्थाका कानुनहरूलाई, जनस्वास्थ्यसँग सम्बन्धित विभिन्न कानुनहरूलाई विधागतरूपमा एकीकरण गरी एक विषयमा एउटा पूर्ण कानुन बनाउनु उपयुक्त देखिन्छ ।

सम्माननीय अध्यक्ष महोदय, समितिले माननीय देवेन्द्र दाहालको संयोजकत्वमा अर्को उपसमिति बनाई समितिको निर्देशन, सुझाव कार्यान्वयनको अनुगमन तथा मूल्याङ्कन गरेका थियौं । विगत पाँच वर्षको अवधिमा समितिले विधायन व्यवस्थापनसम्बन्धी विषयमा एउटा, ऐन

कार्यान्वयन मापनसँग सम्बन्धित विषयमा चार ओटा र संसदीय अनुगमनको समग्र प्रक्रियासँग सम्बन्धित एउटा निर्देशन सुझाव दिएको देखिन्छ । छवटै निर्देशन, सुझाव कार्यान्वयनको अवस्था सम्बन्धमा सबैभन्दा पहिला सम्बन्धित निकायबाट जवाफ माग गरी जवाफका सम्बन्धमा सम्बन्धित निकायका प्रमुख पदाधिकारीलाई उपसमितिको बैठकमा बोलाई छलफल गरी कार्यान्वयन अवस्थाको यकिन गरिएको छ ।

सम्माननीय अध्यक्ष महोदय, समितिले दिएका जम्मा छ ओटा निर्देशनमध्ये अधिकांश कार्यान्वयनको अवस्थामा रहेका छन् । सुझाव वा निर्देशन पालनाका सम्बन्धमा कतिपय कानुनी र व्यावहारिक अवरोधसमेत पाइएको छ । कतिपय विषयको कार्यान्वयन अर्को विषयसँग जोडिएका पनि छन् । यस्तै स्वास्थ्यकर्मीको पर्याप्तताबिना गुणस्तरीय स्वास्थ्य सेवा प्रदान गर्न असम्भव छ भने सार्वजनिक खरिदका विषयमा तालिम प्रदान गर्ने कुरा स्रोतमा निर्भर रहेको हुन्छ ।

भूमिहीन दलितलाई एकपटकका लागि जमिन प्रदान गर्ने संवैधानिक प्रतिबद्धता कार्यान्वयनसँग सम्बन्धित भूमि ऐन, २०२१ को दफा ५, २(क) को कार्यान्वयन गर्ने कुरामा सरकार चुकेको देखिन्छ । सोही ऐनको दफा ५, २(ख) बमोजिम उक्त दफाको विषयलाई समेत सम्बोधन गरिएको दाबी गरिए तापनि उक्त दफा ५, २(क) को आवश्यकता, मर्म र फरक प्रबन्ध गर्नुको औचित्यलाई सरकारले सम्बोधन गर्न नसकेको प्रतिवेदनले औँल्याएको छ ।

र त्यस्तै विधायन तर्जुमा सम्बन्धमा समितिले दिएको निर्देशन सम्बोधन गर्ने गरी सरकारले विधायन तर्जुमा सम्बन्धी विधेयक नै तर्जुमाको प्रक्रियामा रहेको जानकारी समितिमा प्राप्त भएको छ । समग्रमा समितिका निर्देशन पूर्ण कार्यान्वयन भएको अवस्था रहेको नदेखिएता पनि धेरै सकारात्मक प्रयास भएको पाइएका छन्, जुन आफैमा सकारात्मक छ ।

सम्माननीय अध्यक्ष महोदय, दुवै अध्ययन उपसमितिले संवत् २०८० साल जेठ २५ गते बुझाएको प्रतिवेदनलाई समितिको मिति २०८० जेठ ३२ र २०८० असार १ गतेको बैठकबाट परिमार्जनसहित पारित गरिएको थियो ।

म यस अवसरमा दुवै अध्ययन उपसमितिमा रहनुभएका माननीय सदस्यहरू, उपसमितिका सम्पूर्ण माननीय सदस्यहरू, समिति सचिवालय र अध्ययनको क्रममा भएका छलफलमा सहभागी कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालय, नेपाल कानुन आयोगसँग सम्बद्ध राष्ट्रसेवकहरू र सम्बद्ध मन्त्रालय तथा निकायहरूलगायत प्रत्यक्ष, परोक्ष यस कार्यमा सहयोग गर्ने सबैलाई हार्दिक धन्यवाद ज्ञापन गर्न चाहन्छु । र प्रतिवेदनउपर सभामा छलफल गराई सम्वद्ध सरोकारवाला निकायबाट यस सम्बन्धमा जवाफ प्राप्त हुने अपेक्षासमेत गरेको छु ।

सम्माननीय अध्यक्ष महोदय, सम्माननीय अध्यक्ष महोदयको अनुमतिले विधायन व्यवस्थापन समितिले तयार गरेको "संविधानअनुसार बन्न बाँकी कानुनहरूको अध्ययन प्रतिवेदन, २०८०" र "विधायन व्यवस्थापन समितिको निर्देशन, सुझाव कार्यान्वयनको अनुगमन तथा मूल्याङ्कन अध्ययन प्रतिवेदन, २०८०" सभासमक्ष पेस गर्दछु । धन्यवाद । र हामीसँग दुई ओटा प्रतिवेदन छ र माननीय सदस्यज्यूहरूले पाउनुहुने छ ।

**(१४:४७ बजे)** **सम्माननीय अध्यक्ष**:- माननीय सदस्यहरू, अब म माननीय कानुन, न्याय तथा संसदीय मामिला मन्त्री धनराज गुरूङलाई नेपाल सरकार, मन्त्रिपरिषद्को मिति २०८०/०३/१९ गतेको निर्णयबाट जारी भएको बेपत्ता पारिएका व्यक्तिको छानविन, सत्य निरूपण तथा मेलमिलाप आयोग ऐन, २०७१ को दफा ४२ को उपदफा (२) बमोजिमको बाधा अड्काउ फुकाउ आदेश पेस गर्न समय उपलब्ध गराउँछु ।

**(१४:४७ बजे)** **माननीय कानुन, न्याय तथा संसदीय मामिला मन्त्री श्री धनराज गुरूङ**:- सम्माननीय अध्यक्ष महोदय, अध्यक्ष महोदयको अनुमतिले बेपत्ता पारिएका व्यक्तिको छानविन, सत्य निरूपण तथा मेलमिलाप आयोग ऐन, २०७१ को दफा ३८ बमोजिम गठन भएका बेपत्ता पारिएका व्यक्तिको छानविन आयोग र सत्य निरूपण तथा मेलमिलाप आयोगको कार्यावधि संवत् २०८० साल असार मसान्तसम्म रहेकोमा ती आयोगबाट सम्पादन हुनुपर्ने शान्ति प्रक्रियाका काम बाँकी रहेकोले सोही ऐनको दफा ४२ बमोजिम नेपाल सरकार, मन्त्रिपरिषद्को मिति २०८०/०३/१९ गतेको निर्णयबाट संवत् २०८० साल पुस मसान्तसम्म कार्यावधि थप गर्ने गरी आदेश जारी भएकोले सोही दफाको उपदफा (२) बमोजिम उक्त आदेश सभासमक्ष पेस गर्दछु । धन्यवाद ।

माननीय सदस्यहरू, राष्ट्रिय सभाको अर्को बैठक २०८० साल भदौ १८ गते सोमवार अपराह्न १ बजेर १ मिनेटमा बस्ने गरी यो बैठक स्थगित हुन्छ ।

(तदनन्तर, अर्को बैठक २०८० साल भदौ १८ गते सोमवार अपराह्न १ बजेर १ मिनेटमा बस्ने गरी यो बैठक स्थगित भयो) ।

**स्थगित:- १४:४८ बजे ।**